का.जि.प्र.का.द.नं. १००/०५२/६०
५ भदौ २०८३
शुक्रबार
21 August 2026
Friday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २११। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

बाँदरको उपद्रो

■ सपना बोहरा र भावना पाठक/मध्यान्ह

कभर स्टोरी

बाँदर आतंकका कारण देशभरका मध्यपहाडी बस्तीका किसान हैरान छन् । बाली जोगाउन नसकेपछि उनीहरू गाउँ छाडेर तराई र सहरतिर बसाइँ सर्न थालेका छन् । संसद्देखि सडकसम्म बाँदर नियन्त्रणको आवाज उठे पनि ठोस समाधान अझै निस्किएको छैन । बन्ध्याकरणदेखि बाँदर हेरालुसम्मका उपाय अपनाइए पनि दीर्घकालीन वैज्ञानिक व्यवस्थापन आवश्यक देखिएको छ ।

बाँदरलाई धपाउनका लागि किसानहरूले हल्ला गर्ने, ढुंगा हान्ने वा गुलेली चलाउनेजस्ता परम्परागत विधि अपनाएको, वन क्षेत्रमा बनाइएका पोखरीहरूमा बाँदरहरू खसेर सामूहिक रूपमा मर्ने गरेका घटना रेकर्ड भएका छन्, जुन नियोजित रूपमा मारिएको आशंका गरिएको अध्ययनले देखाएको छ ।

■ **अशोक सुवेदी**
वरिष्ठ संरक्षण अधिकृत, राष्ट्रिय प्रकृति संरक्षण कोष

चौबिसेको मुख्य अन्नबाली नै मकै हो । बाँदरले बढी क्षति गर्ने पनि मकै नै रहेछ । बाँदरले हैरान पारेपछि मान्छेहरू बसाइँ सर्न थाले ।

■ **लोकेन्द्र मगर**
वडाध्यक्ष, चौबिसे-४, धनकुटा

बाँदरको बिगबिगी छ, सरकारको ऐन, कानुनले हात लगाउँनै मिल्दैन । कसले नियन्त्रण गर्ने, के गर्ने समस्या ठुलो छ । बाँदरको बिज्याँइले जनजीविकामै असर पारेको छ ।

■ **पुष्कर्राज जोशी**
प्रमुख, दशरथचन्द नगरपालिका

बाँदर सिकारु जनावर हो, बाँदरले मानिसकै जस्तो व्यवहार गर्न खोज्दा किसानले हैरानी खेप्नुपरेको छ । मानिससरह नै खानेकुरा खान थालेपछि यी बाँदरहरू अत्यधिक हिंस्रक र आक्रामक बन्दै गएका छन् ।

■ **प्रा.डा.मुकेशकुमार चालिसे**
वन्यजन्तु वैज्ञानिक

विस्तृत पृष्ठ २ मा

बाँदर व्यवस्थापनको बहस

सडक, संसद् र हिमाचल पुग्दासमेत भएन समाधान



बाँदर जनताको शत्रु बनेको छ । यसलाई हल्का रूपमा लिएर हाँसोमजाक गर्नुहुँदैन । बाँदर व्यवस्थापनका लागि सरकारले गम्भीर भएर सोच्नुपर्छ ।

■ **ध्रुवराज राई**
सांसद



बरु रकेट बनाउन सजिलो छ, तर बाँदर भगाउने प्रविधि खोज्न गाह्रो छ । रकेट बनाउने प्रविधि छ, टेक्नोलोजी छ, तर बाँदरलाई भगाउने प्रविधि संसारभरि मैले खोजेकै हो, छँदै छैन ।

■ **महावीर पुन**
नवप्रवर्तनमन्त्री

श्रम संस्कृति पार्टीका सांसद ध्रुवराज राईले १२ जेठको प्रतिनिधिसभा बैठकमा बाँदर आतंकका कारण किसानहरू गम्भीर मारमा परेको भन्दै सरकारको ध्यानाकर्षण गराए । बाँदरले बालीनाली नष्ट गर्दा ग्रामीण क्षेत्रका जनता आफ्नै थातथलो छाड्न बाध्य हुने अवस्था आएको उनको भनाइ थियो ।

राईले बाँदरको समस्यालाई संसद्मा हुने ठट्टा र उपहासको विषय नबनाउन आग्रह गर्दै यसलाई भुइँमान्छेको वास्तविक पीडा र आक्रोश बुझ्नुपर्ने बताएका थिए । 'बाँदर आज जनताको महत्वपूर्ण शत्रु भएको छ' भन्ने उनको भनाइले किसानको पीडालाई देखाउँछ । उनले बाँदर व्यवस्थापनका लागि मार्ने, बन्ध्याकरण गर्ने वा अन्य उपाय अपनाउने विषयमा सरकारले गम्भीर निर्णय गर्नुपर्ने माग गरेका थिए ।

आतंक रोक्न गुलेली र बाँदर हेरालु

स्थानीयले बाँदर नियन्त्रणका लागि अनेक उपाय निकालेका छन् । पाल्पाको रिब्दीकोट गाउँपालिका वडा न १ले हेरालु राखेको छ । वडाध्यक्ष चिरञ्जीवी पोखरेल गाँउमा बाँदरले आतंक मच्चाउन थालेपछि वडा कार्यालयले नै बाँदर धपाउन नौजना हेरालु राखेको बताए । वडाले बाँदर हेरालु राख्न थालेको तीन वर्ष भइसकेको छ । अन्नबालीको मुख्य सिजनलाई मध्य नजर गरेर राति र दिउँसोको दुई सिफ्टमा बाँदर धपाउन खेतमै हेरालु परिचालन गरेको पोखरेल बताउँछन् । वडाले बाँदर हेरालुलाई प्रतिव्यक्ति १० हजार रुपैयाँका दरले पारिश्रमिक दिने गरेको छ । वडा कार्यालयले हेरालुलाई गुलेली, नक्कली बन्दुक (पो लिपाइप), गोला र बारुदलगायत सामग्रीसमेत उपलब्ध गराएको वडाध्यक्ष पोखरेलले बताए ।

त्यस्तै, अर्घाखाँचीमा बाँदर आतंकका कारण किसानले भोग्दै आएको समस्यालाई न्यूनीकरण गर्ने उद्देश्यले डिभिजन वन कार्यालय अर्घाखाँचीले २६ जना बाँदर हेरालु नियुक्त गरेको छ । डिभिजन वन कार्यालय अर्घाखाँचीका सूचना अधिकारी केशव खड्काका अनुसार, हेरालुहरूलाई जिल्लाका विभिन्न वडामा रहेको बाँदर प्रभावित क्षेत्रमा परिचालन गरिएको छ । उनीहरूको मुख्य जिम्मेवारी खेतीयोग्य जमिन र बालीमा क्षति पुऱ्याउन आउने बाँदरलाई सुरक्षित तरिकाले धपाउने, स्थानीय किसानसँग समन्वय गर्ने तथा वन्यजन्तु र मानवबीचको द्वन्द्व कम गर्न सहयोग पुऱ्याउने रहनेछ । यस कार्यक्रमबाट मकै, गहुँ, तरकारी, फलफूल तथा अन्य कृषि बालीमा हुने क्षति न्यूनीकरण हुने अपेक्षा गरिएको डिभिजन वन कार्यालय अर्घाखाँचीका प्रमुख नारायणदेव भट्टराईले बताएका छन् ।

प्रदेश सरकार

सरकारमा एमाले-नेकपा झगडामा राप्रपा-जसपा

जीवन शर्मा/मध्यान्ह
काठमाडौं, ४ भदौ

प्रदेश सरकारमा एमाले र नेकपाबीच भएको नयाँ सत्ता समीकरणले राप्रपा र जसपा नेपाल आन्तरिक विवादमा मुछिएका छन् । कांग्रेस-एमाले गठबन्धन भत्किएसँगै सातवटै प्रदेशमा एमाले-नेकपाबीच सत्ता सहयात्राको सहमति भएको थियो । कोशी, सुदूरपश्चिम र कर्णालीमा सहज भए पनि बागमती र लुम्बिनी प्रदेशमा सहज बहुमत पुऱ्याउन राप्रपा र जसपाको समर्थन आवश्यक भयो । त्यसका लागि एमालेले दुवै दलको प्रदेश संसदीय दलको समर्थन लिएर सरकार गठन गरेको छ । सरकार निर्माणमा सत्ता गठबन्धनमा रहेका एमाले र नेकपा सफल भए पनि राप्रपा र जसपा नेपालमा झगडाको बीउ रोपिएको छ ।

बागमती र लुम्बिनी दुवै प्रदेशमा एमालेकै मुख्यमन्त्री भएका छन् । बागमतीमा एमाले सांसद किरण थापामगरको नेतृत्वमा सरकार गठन हुँदा राप्रपा संसदीय दलका नेता उद्धव थापाले समर्थन गर्दै सरकारमा तीनजना मन्त्री पठाएका छन् । सरकार गठनमा केन्द्रको निर्णयविपरीत प्रदेश संसदीय दलले समर्थन गरेको विषयलाई लिएर तीव्र विवाद उत्पन्न भएको हो । राप्रपा केन्द्रीय कार्यालयले प्रदेश सरकारलाई समर्थन गर्ने कुनै आधिकारिक निर्णय नभएको स्पष्ट पार्दै प्रदेश प्रमुखको कार्यालयमा पत्र पठाएको थियो । पार्टी निर्देशनविपरीत गएको भन्दै राप्रपाले संसदीय दलका नेता थापालाई भने यसअघि नै कारबाही गरी निलम्बन गरिसकेको छ । थापाले भने बागमतीमा राप्रपा तटस्थ बस्दा सरकार नै नबन्ने स्थितिमा जिम्मेवार दलको हैसियतमा संसदीय दलले निर्णय लिएको बताएका छन् ।

प्रदेश सरकार निर्माणमा नेकपा एमालेले अनैतिक खेल खेलेको राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले पृष्ठ ३ मा

जसपा प्रदेश सभा संसदीय दलले निर्णय गरेर सरकारलाई समर्थन दिएको अवस्थामा कुनै सांसद वा नेताले भन्दैमा सरकारलाई समस्या पर्दैन ।

रत्नबहादुर खत्री
भौतिक पूर्वाधारमन्त्री, लुम्बिनी प्रदेश

बागमती प्रदेश संसदीय दलका नेता उद्धव थापालाई प्रदेशसभा सदस्यबाट समेत हटाउने र सरकारमा जाने सबैलाई कारबाही गरिन्छ ।

राजेन्द्र लिङ्देन
अध्यक्ष, राप्रपा

वैदेशिक रोजगार विशेष

साउदीमा नेपाली श्रमिकले उचित पारिश्रमिक नपाएकोमा परराष्ट्रमन्त्रीको चासो

मध्यान्ह संवाददाता
काठमाडौं, ४ भदौ

परराष्ट्रमन्त्री शिशिर खनालले नेपालका लागि साउदी अरबका राजदूत फहद मोहम्मद ए. मोनैखिरसँग द्विपक्षीय सम्बन्धका साथै साउदी अरबमा कार्यरत नेपाली श्रमिकका समस्याबारे छलफल गरेका छन् ।

मन्त्रालयमा बिहीबार भएको शिष्टाचार भेटमा नेपाल-साउदी अरबबीचको द्विपक्षीय सम्बन्ध, उच्चस्तरीय भ्रमण, नेपाली श्रमिकको सुरक्षा कल्याण र आपसी हितका विभिन्न विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ ।

साउदी अरबमा कार्यरत केही नेपाली श्रमिकले आफूले गरेको कामको उचित पारिश्रमिक प्राप्त नगरेको भन्ने 'रिपोर्ट'प्रति मन्त्री खनालले चासो व्यक्त गर्दै त्यस्ता विषयमा आवश्यक ध्यान दिन साउदी पक्षलाई आग्रह गरेका छन् । त्यस्तै, उनले साउदी अरबमा मृत्यु भएका नेपाली नागरिकको शव नेपाल फिर्ता ल्याउने कार्यमा साउदी अधिकारीहरूले पुऱ्याउँदै आएको सहयोगको प्रशंसा गरेका छन् ।

साउदी अरेबियामा सप्लाई कम्पनीमा कार्यरत नेपाली कामदारले समयमा पृष्ठ ३ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

कभर स्टोरी

बाँदर उपद्रोको डरलाग्दो रूप

कुनै समय थियो, आधारभूत विकास नभएर मानिसहरू बसाइँ सर्थे । अहिले धेरै गाउँमा सडक, बिजुली, खानेपानी, शिक्षा र स्वास्थ्य सुविधा पुगेको छ । तर, बस्ती पातलिँदै जाँदा बाँदरबाट बाली जोगाउन नसकेर गाउँ छाड्न थालेका छन् । धनकुटाको चौबिसे गाउँपालिकाको वडा नं.४मा त्यस्तै भयो ।

बाँदरबाट खेतीपाती जोगाउन नसक्दा गाउँ नै छाडनुपर्ने स्थिति आएको वडाध्यक्ष लोकेन्द्र मगर बताउँछन् । 'यहाँको मुख्य अन्नबाली मकै हो,' उनले मध्यान्हसँग भने, 'बाँदरले बढी क्षति गर्ने पनि मकै नै रहेछ । बाँदरले हैरान पारेपछि मान्छेहरू बसाइँ सर्न थाले ।'

पछिल्ला पाँच वर्षदेखि बाँदर प्रभावित अधिकांश बस्तीबाट बसाइँ सराइ भइरहेको उनी बताउँछन् । खेतबारीमा भएको अन्नबालीमा क्षति पुऱ्याउने मात्र होइन, बाँदरले घरभित्रै पसेर दुःख दिने गरेको छ । ३२० घरधुरी रहेको वडाबाट धेरै बसाइँसराइ हुनुका मुख्य दुई कारण पहिल्याएको मगर बताउँछन् । 'एउटा, पानीको समस्या हो । अर्को, बाँदरले दुःख दिन थालेपछि गाउँ नै पातलियो,' उनी भन्छन् ।

अहिले वडामा २६४ परिवार मात्र छन् । बाँदरको उपद्रोकै कारण वडाका बाजथला, बाँसपानी, ठुलागाउँ, गैरीगाउँ, खानी गाउँ, कटवाल गाउँ, मानेडाँडालगायत बस्ती खाली हुँदै गएका छन् । त्यहाँका बासिन्दा झापा, मोरङ, सुनसरीमा बसाइँ सरेका छन् । चौबिसे मात्रै होइन, धनकुटाका अधिकांश बस्ती बाँदर आतंककै कारण पातलिँदै गएका छन् ।

पूर्व मात्र होइन, पश्चिममा पनि बाँदरको समस्या छ । डडेल्धुराको दशरथचन्द नगरपालिकाका प्रमुख पुष्कर्राज जोशी बाँदरको बिज्याँइले जनजीविकामै असर परेको बताउँछन् । बाँदर आतंककै कारण त्यहाँका स्थानीयले खेती लगाउन छाडिसकेका छन् । 'स्थानीयले खेतीपाती छाडेर, घरबार छाडेर तराईतिर जान थाले,' उनले भने, 'बाँदरको बिगबिगी छ । सरकारको ऐन, कानुनले हात लगाउनै मिल्दैन । कसले नियन्त्रण गर्ने ? के गर्ने समस्या ठुलो छ ।' गाउँका मुख्य उब्जनी मकै, गहुँ र तरकारी बाँदरले बारीमै पसेर सखाप पार्छ । उनी भन्छन्, 'बाँदरकै कारण किसानले खेतीपाती लगाउन छाडिसकेका छन् । घरभित्रै आएर पनि सताउन थालेपछि बस्ती छाड्न थालेका छन् ।' मकै खेतीमा बाँदर पल्किएपछि किसानले विकल्प खोज्न थाले । मकै लगाउन छाडेर बाँदरलाई मन नपर्ने फलफूल, कफी, तरकारी लगाउन थाले । बाँदरले ती बाली खाएनन्, तर उखेलेर र भाँचेर नोक्सान पुऱ्याउने गरेको स्थानीय बताउँछन् । 'बाँदरले लसुन, प्याज, पिरो खाँदैन भनेर स्थानीयले खेती गर्न थाले,' जोशी भन्छन्, 'अचेल त लसुन, प्याज पनि खान थालिसकेछ ।'

सिन्धुली, रामेछाप, दोलखा, स्याङ्जा, पर्वत, बागलुङ, पाल्पा, अर्घाखाँची, गुल्मी, दैलेख, बैतडी, तेह्रथुम, पाँचथर, काभ्रे, ओखलढुंगा, काठमाडौं, ललितपुर, भक्तपुरलगायत जिल्ला बाँदरबाट धेरै प्रभावित छन् । बाँदरले किसानले खेतबारीमा छरेको बीउसमेत खोस्रेर खाइदिने गरेका छन् । मानिसले प्रयोग गर्ने सबै किसिमका वनस्पति र खाद्यवस्तु खाएर दुःख दिने र बालीनाली नष्ट पार्ने गरेपछि आजित भएका किसानहरू बाली राम्ररी नपाक्दै भित्र्याउन थालेका छन् ।

बाँदरबारे अध्ययन गरेका वन्यजन्तु वैज्ञानिक प्रा.डा. मुकेशकुमार चालिसेले विशेषगरी पहाडी क्षेत्रमा मान्छेको संख्या घट्दै जानु र बाँदरको संख्या बढ्दै जाँदा बाँदर आतंक बढ्न थालेको बताउँछन् । पछिल्लो समय ग्रामीण क्षेत्रबाट युवाहरू पढ्नका लागि सहर र रोजगारीका लागि विदेश जाने क्रम बढ्दो छ । 'गाउँमा खेती गर्ने मानिसको कमी भएसँगै जंगलछेउका खेत बाँझो हुन थालेका छन्,' उनले भने, 'यसले गर्दा जंगलमा बस्ने बाँदरहरू खानेकुराको खोजीमा सिधै मानव बस्ती र खेतबारीमा पस्न थालेका छन् ।'

पछिल्लो समय बाँदरको प्राकृतिक गुण नष्ट भइरहेको उनी बताउँछन् । उनका अनुसार, बाँदर सिकारु जनावर भएकाले मानिसले गर्ने हरेक क्रियाकलाप सिक्ने गर्दछ । बाँदरले मानिसकै जस्तै व्यवहार गर्न खोज्दा किसानले हैरानी खेप्नुपरेको चालिसे बताउँछन् । सुरुमा मानिसहरूले बाँदरलाई रमाइलोका लागि खानेकुरा खान सिकाए । मानिससरह नै खानेकुरा खान थालेपछि बाँदरहरू अत्यधिक हिंस्रक र आक्रामक बन्दै गएको उनले बताए । कसैले हात वा झोलामा केही सामान बोकेर हिँडेको देखेमा बाँदरहरूले खोस्ने र मानिसले धपाउन खोजेमा समूह नै मिलेर आक्रमण गर्ने गरेका छन् । 'बाँदरहरू समूहमा हुन्छन्, सामूहिक आक्रमण गर्छन्,' उनले भने, ' मानिसहरू सामूहिक प्रतिकार गर्दैनन्, जसको कारण बाँदरको आतंक बढ्दै गएको हो ।'

वन्यजन्तु संरक्षणसम्बन्धी विद्यमान कानुनी दायरामा सामान्य अवस्थामा रहेका बाँदरहरूको व्यवस्थापनका लागि स्पष्ट नीति नै नभएको उनले बताए । उनले भने, 'वन्यजन्तु नियन्त्रण र व्यवस्थापनका लागि सरकारले कुनै एकीकृत नियम वा सकारात्मक योजना अघि नसार्दा यो समस्या बर्सौंदेखि जस्ताको तस्तै रहेको छ ।' काठमाडौंमा मात्रै दुई हजारभन्दा बढी बाँदर छन् । त्यसबाहेक देशभर एक लाखभन्दा बढी बाँदर भएको उनको अनुमान छ । नेपालमा विभिन्नथरीका बाँदर छन् । रातो, कालो, पहरे (पूर्वी नेपालमा एकथरी र पश्चिम नेपालमा अर्कोथरी), लंगुर (तराई, पहाड र हिमालमा बस्ने फरक-फरक) छन् । प्रा.डा.चालिसेको अध्ययन अनुसार, नेपालमा रातो बाँदरको संख्या एक लाखको हाराहारीमा छ । करिब पचास/पचास हजारको संख्यामा लंगुर र पहरे बाँदर छन् ।

बढ्दो मानव-बाँदर द्वन्द्व

राष्ट्रिय प्रकृति संरक्षण कोष र त्रिभुवन विश्वविद्यालयको प्राणीशास्त्र केन्द्रीय विभागले गरेको एक अध्ययनले नेपालको मध्यपहाडी क्षेत्रमा बाँदरको संख्या, फैलावट र त्यसबाट हुने कृषि क्षतिको अवस्थालाई विश्लेषण गरेको छ । यसले मानव-बाँदर द्वन्द्वलाई स्थानीय समस्या मात्र नभई राष्ट्रिय स्तरमै सम्बोधन गर्नुपर्ने निष्कर्ष निकालेको छ ।

बाँदर आतंकबाट आकुल-व्याकुल भएका किसानले बाँदरलाई खेतीपातीका लागि पहिलो नम्बरको समस्याग्रस्त वन्यजन्तुका रूपमा औंल्याएका छन् । अन्नबालीमा पसेका बाँदरलाई धपाउनका लागि किसानले हल्ला गर्ने, ढुंगा हान्ने वा गुलेली चलाउनेजस्ता परम्परागत विधि अपनाएका छन् । २४ प्रतिशतले खेतमै बसेर हेरचाह गर्ने र १२ प्रतिशतले कुकुरको प्रयोग गर्ने गरेका छन् । 'कानुनी बन्देजका बाबजुद पनि आजित भएका किसानले समुदाय स्तरमा जोखिमपूर्ण उपाय अपनाएको अध्ययनले देखाएको छ,' कोषका वरिष्ठ संरक्षण अधिकृत अशोक सुवेदीले भने, 'बाँदर मार्नका लागि खेतमा नांगो तार बिछ्याउँदा जंगली जनावर मात्र होइन, मानिसको समेत ज्यान गएको अध्ययनले देखाएको छ ।'

गुल्मीको मुसिकोट-७मा करेन्ट लागेर एक ६० वर्षीया महिलाको मृत्यु भएको थियो । त्यस्तै, दोलखा र इलाम जस्ता जिल्लामा पासोभित्र खाना राखेर बाँदरलाई उच्च भोल्टेजको करेन्ट दिई मार्ने गरिएको छ । बाँदरलाई करेन्ट लगाउने मात्रै होइन, वन क्षेत्रमा बनाइएका पोखरीमा बाँदरहरू खसेर सामूहिक रूपमा मर्ने गरेका घटना (अर्घाखाँचीमा २७ वटा र सिन्धुपाल्चोकमा १६ वटा बाँदर डुबेर मरेका घटना) रेकर्ड भएका छन्, जुन नियोजित रूपमा मारिएको आशंका गरिएको छ ।

बाली क्षति गर्ने वन्यजन्तुमा रातो बाँदर, पहरे बाँदर र लंगुर रहेका भए पनि यीमध्ये रातो बाँदरबाट सबैभन्दा बढी कृषि क्षति हुने पाइएको छ । अध्ययनले सर्वेक्षणमा समेटिएका घरधुरीमा बाँदरबाट हुने कृषि क्षति प्रतिघरधुरी औसत २७ हजार रुपैयाँभन्दा बढी रहेको अनुमान गरेको छ । अध्ययनका क्रममा ४४ स्थानीय तहबाट २० हजार ३९५ वटा रातो बाँदर अभिलेख गरिएको छ । ती क्षेत्रमा ४७८ वटा बाँदरका समूह भेटिएका थिए । एउटा समूहमा औसत ४२ देखि ६६ वटा बाँदर रहेका थिए भने सबैभन्दा ठुलो समूहमा १९८ वटासम्म बाँदर भेटिएको छ । ४,०२३ वर्ग किलोमिटर क्षेत्रमा गरिएको गणनाअनुसार बाँदरको जनसंख्या घनत्व ५.०७ वटा रहेको सुवेदीले जानकारी दिए । प्रत्यक्ष गणनाबाट प्राप्त घनत्वलाई आधार मानेर मध्यपहाडी क्षेत्रमा बाँदरको सम्भावित जनसंख्याको अनुमान गर्दा १६ हजार ५१७ वर्ग किलोमिटर वन क्षेत्रमा मात्रै एक लाख चार हजार १३७ भन्दा बढी रातो बाँदर रहेको हुन सक्ने देखिएको छ । अध्ययनले बाँदरको उपस्थिति कृषि क्षेत्र, बस्ती र सडक आसपास बढी देखिनुको प्रमुख कारण मानिसबाट सहज रूपमा उपलब्ध हुने खाद्य स्रोत तथा कृषि उत्पादनमा उनीहरूको पहुँच रहेको औंल्याएको छ ।

अध्ययनमा सहभागी १ हजार ८४६ घरधुरीमध्ये ९८ प्रतिशतले बाँदरबाट कृषि बालीमा क्षति हुने बताएका छन्, जसले मध्यपहाडी क्षेत्रमा मानव-बाँदर द्वन्द्वको व्यापकता देखाउँछ । मकैबाहेक धान, गहुँ, तरकारी तथा फलफूलमा समेत बाँदरले उल्लेख्य क्षति पुऱ्याउने गरेको अध्ययनले देखाएको छ ।

त्यस्तै, बाँदरको संख्या व्यवस्थापनका लागि उच्च द्वन्द्व भएका निश्चित क्षेत्रमा लक्षित बन्ध्याकरणलाई सम्भावित गैरघातक उपायका रूपमा अघि बढाउन सकिने अध्ययनले सुझाएको छ । अन्य व्यवस्थापनका उपाय प्रभावकारी हुन नसकेको अवस्थामा अन्तिम विकल्पका रूपमा वैज्ञानिक तथ्यांक, प्रमाण र प्रचलित कानुनी व्यवस्थाका आधारमा बाँदरको संख्या नियन्त्रण तथा नियमन गर्न सकिने अध्ययनको सुझाव छ । साथै, संघ, प्रदेश र स्थानीय तहसँगै संरक्षण निकाय, अनुसन्धान संस्था तथा स्थानीय समुदायबीच समन्वय गरी समस्या बढी भएका क्षेत्रमा स्रोत र कार्यक्रम केन्द्रित गर्नुपर्नेमा जोड दिइएको छ ।

सडक, संसद् र हिमाचल पुग्दासमेत भएन समाधान...

राईले 'बाँदरलाई मार्नुपर्छ' भनेपछि सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद आशिका तामाङले आपत्ति जनाइन् । त्यसपछि माइतीघरमा पशु अधिकारकर्मीले लामो समय विरोध प्रदर्शन गरे । मारेर मात्र बाँदर व्यवस्थापन नहुने भन्दै उनीहरूले वैज्ञानिक प्रणाली अपनाउन सरकारलाई सुझाव दिए । यसरी बाँदर नियन्त्रणको विषय संसद् र सडक दुवैतिर बहसको विषय बन्यो ।

स्वतन्त्र सांसद तथा नवप्रवर्तनमन्त्री महावीर पुनले विगत एक दशकदेखि नै बाँदर नियन्त्रणको प्रयास गर्दै आइरहेको बताएका छन् । बाँदरका विषयमा संसद्मा बहस चर्किएपछि उनले हल्ला गरेजस्तो सजिलो नभएको भन्दै वैज्ञानिक उपाय अपनाउनुपर्ने धारणा राखेका थिए ।

उनले राष्ट्रिय आविष्कार केन्द्रले ५०-६० लाख रुपैयाँ खर्च गरेर बाँदर आतंकलाई कम गर्नको लागि केही उपाय खोज्ने प्रयास गरेको बताए । 'वरु रकेट बनाउन सजिलो छ, तर बाँदर भगाउने प्रविधि खोज्न गाह्रो छ,' उनले भने 'रकेट बनाउने प्रविधि छ, टेक्नोलोजी छ, तर बाँदरलाई भगाउने प्रविधि संसारभरि मैले खोजेकै हो, छैदै छैन ।'

बाँदर नियन्त्रणको माग गर्दै जनप्रतिनिधि र स्थानीय बासिन्दाले सडक आन्दोलनसमेत गरे । खोटाङको दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाका मेयर तीर्थराज भट्टराईले बाँदर नियन्त्रणसहित विभिन्न १६ बुँदे माग राख्दै माइतीघर मण्डलमा सत्याग्रह तथा आमरण अनशन गरे ।

२०८२ साल साउन ११ देखि १३ गतेसम्म सत्याग्रह र साउन १४ देखि १८ गतेसम्म आमरण अनशन बसेका मेयर भट्टराईले सरकारसँग १६ बुँदे समझदारी भएपछि अनशन तोडेका थिए । सरकारसँग भएको सहमतिमा स्थानीय स्रोतको प्रवर्धनदेखि वन्यजन्तुबाट हुने क्षतिको राहतलाई प्रभावकारी बनाउने विषयसम्म समेटिएका थिए । पहाडी क्षेत्रमा कृषि तथा जनजीवनमा बढ्दो बाँदरको समस्या समाधानका लागि बन्ध्याकरणलगायत उपाय अघि बढाउने विषयमा समेत समझदारी भएको थियो ।

यही सहमतिपछि सरकारले खोटाङबाट बाँदर बन्ध्याकरणको पाइलट कार्यक्रम अघि बढाउने प्रक्रिया थालेको हो । तर, आन्दोलन, सहमति र सरकारी घोषणा हुँदै गर्दा पनि किसानको बारीमा बाँदरको समस्या तत्काल हटेको छैन । बाँदर नियन्त्रणको उपायलाई लिएर संसद्मा पनि मत विभाजन देखिन्छ । केहीले किसानको बाली र जीविकोपार्जन जोगाउन कडा नियन्त्रणका उपाय आवश्यक रहेको बताउँदै आएका छन् । वन्यजन्तु संरक्षणको पक्षबाट भने अन्धाधुन्ध नियन्त्रण वा मार्ने उपाय उपयुक्त नहुने तर्क हुँदै आएको छ ।

यसरी बहस 'बाँदर नियन्त्रण गर्ने कि नगर्ने ?' भन्ने दुई ध्रुवमा सीमित हुने गरेको छ । तर, वास्तविक समस्या त्योभन्दा जटिल छ । किसानको बाली जोगाउनु राज्यको दायित्व हो । अर्कोतर्फ वन्यजन्तु र जैविक विविधता संरक्षण गर्नु पनि राज्यकै जिम्मेवारी हो । 'बाँदर कि मान्छे' रोज्ने होइन, मान्छे र बाँदरबीचको द्वन्द्व घटाउने उपाय खोज्नुपर्ने विज्ञहरूको सुझाव छ ।

हिमाचलसम्म पुग्यो अध्ययन

नेपालले बाँदर समस्याको समाधान खोज्न विदेशी अभ्याससमेत अध्ययन गरेको छ । २०८० माघमा संसदीय समितिको सहकार्यमा नेपाली प्राविधिक टोली भारतको हिमाचल प्रदेश पुगेको थियो । त्यहाँ बाँदरको संख्या नियन्त्रणका लागि अपनाइएको बन्ध्याकरण कार्यक्रमबारे नेपाली टोलीले अध्ययन गरेको थियो । हिमाचल प्रदेशमा बाँदर बन्ध्याकरणका लागि विशेष अस्पताल सञ्चालनमा छन् ।

त्यहाँको अनुभवबाट सिकेर नेपालमा पनि बन्ध्याकरणको विकल्प अघि बढाइएको हो । तर, विदेशी अभ्यास अध्ययन हुँदैमा नेपालमा पनि त्यही उपायले समान परिणाम दिन्छ भन्ने निश्चित छैन । वन ऐन २०४९, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ ले कुनै पनि वन्यजन्तुलाई लखेट्न, कुट्न, पक्राउ गर्न बन्देज लगाएको छ । सिकेर आएको सीप उपयोग गर्न पनि नेपालको ऐन बाधक भएको देखिन्छ ।

बाँदर बन्ध्याकरण अहिले सबैभन्दा धेरै चर्चामा आएको उपाय हो । तर, एउटा पालिकामा केही बाँदरको बन्ध्याकरण गर्दैमा देशभरको समस्या समाधान हुने निश्चित छैन । बाँदरविज्ञ डा. मुकेश चालिसे पनि बन्ध्याकरण मात्र समस्याको समाधान नभएको बताउँछन् । 'बाँदर आफैंमा चलाख जनावर भएकाले उसमाथि प्रयोग गर्न त्यति सहज छैन,' उनी भन्छन्, 'एउटालाई समात्यो भने समूह नै सतर्क हुने अवस्था आउँछ । कतिपय अवस्थामा त बाँदरलाई समात्नै सकिँदैन ।'

चालिसेका अनुसार बाँदरको प्राकृतिक संख्या कायम राखेर विभिन्न प्रयोगका लागि उपयोग गर्न सकिने सम्भावनाबारे पनि सोच्न आवश्यक छ । विशेषगरी राता बाँदरमाथि गरिएको परीक्षण मानवहितका लागि उपयोगी मानिने भएकाले यस विषयमा पनि सरकारले वैज्ञानिक योजना बनाउनुपर्ने उनको भनाइ छ ।

अब के गर्ने ?

जंगलमा खानेकुरा नभएर बाँदर बस्तीमा आए अथवा गाउँघरमा मानिसको संख्याभन्दा धेरै बाँदर भयो भनेर मात्र समस्याको समाधान निकाल्न सकिँदैन । पछिल्लो समय जंगलमा फलफूलका बोट रोपिदिएपछि सबै बाँदर जंगलमै फर्किन्छन् भन्ने सरल भाष्य पनि निर्माण हुँदै गएको छ । जंगलमा बाँदरका लागि फलफूल रोप्ने र खेतबारीमा बाँदरले नखाने बाली लगाउने उपाय मात्र पर्याप्त नहुन सक्छ ।

डा. चालिसे बाँदर धपाउन नसकेको अवस्थामा किसान आफैं सचेत हुनुपर्ने बताउँछन् । उनका अनुसार जहाँ खेतीपाती लगाएको हुन्छ, गन्धले नै जीवजन्तुले त्यो खेतीबारे थाहा पाएर आउने गर्छन् । 'उक्त आतंकबाट बच्न किसानले बाली फेर्नुपर्ने हुन्छ,' उनी भन्छन्, 'जस्तो, मकै लगाउने ठाउँमा धान लगाउने, सुर्ती, खुर्सानी, अदुवा, बेसारजस्ता बाली लगाउनुपर्छ ।'

तर, किसान यस्तो खालको अभ्यासबाट सन्तुष्ट छैनन् । नेपालको भूगोलअनुसार सबै ठाउँमा एकै खालको बाली उब्जनी हुँदैन । बाँदर आतंकबाट बच्नकै लागि माटोको क्षमताभन्दा फरक बाली लगाउँदा राम्रो नहुने पीडित किसान बताउँछन् ।

सरकारले देशभर बाँदरको संख्या र जोखिम क्षेत्रको वैज्ञानिक नक्सांकन गरी थप कार्ययोजना बनाउँदा राम्रो हुने डा.चालिसे बताउँछन् । विज्ञहरूका अनुसार बढी जोखिममा रहेका पालिका पहिचान गरी पाइलट व्यवस्थापन कार्यक्रम सञ्चालन, बन्ध्याकरणसहित गैरघातक जनसंख्या व्यवस्थापनका विभिन्न विधि परीक्षण, जोखिम भएका क्षेत्रमा खेतबारीको घेराबार, सुरक्षित रोकथामका उपाय, सामुदायिक निगरानी र बाँदरलाई नोक्सान नपुग्ने प्रविधिको प्रयोगलाई अघि बढाउन सकिन्छ ।

यसका लागि संघीय सरकार मात्र कुरेर बस्ने हो भने फेरि बर्सौं लाग्न सक्छ । संघीय सरकारले नीति, कानुन, अनुसन्धान, विशेषज्ञता र बजेटको व्यवस्था गर्ने, प्रदेश सरकारले प्राविधिक टोली, उद्धार तथा उपचार संरचना र क्षेत्रीय अनुसन्धानमा भूमिका खेल्ने, स्थानीय तहले जोखिम क्षेत्र पहिचान, क्षतिको अभिलेख, किसानसँग समन्वय तथा स्थानीय गैरघातक व्यवस्थापन अघि बढाउन पहल गर्नुपर्ने सरोकारवालाहरू बताउँछन् ।

बाँदर धपाउन आज पनि ढुंगा र गुलेली प्रयोग हुँदै आइरहेको छ । टिन ठटाउने, मुकुन्डो बनाएर खेतबारीमा उभ्याउनेजस्ता परम्परागत उपायले बाँदर धपाउन सकिने अवस्था छैन । मानिसले ढुंगा हानेको देखेर बाँदरले पनि ढुंगा नै फकाँउने, टिन बजाएर रमाउने हर्कत गर्न थालेको देखिन्छ । मानिसकै व्यवहारबाट बाँदरले धेरै कुरा सिक्ने हुँदा अब पुरानो उपायले बाँदर व्यवस्थापन सम्भव छैन । यसले बाँदरबाट नै मानिसलाई खतरा बढेको देखिन्छ । कतिपय ठाउँमा बाँदर हेरालु नै राखिएको छ, यो पनि दीर्घकालीन समाधान नभएको डा.चालिसेको बुझाइ छ ।

बाँदर समस्या अध्ययन गर्न समिति बनिसकेका छन् । प्रतिवेदन पनि आएका छन् । संसद्मा बहस भइसकेको छ । विदेशी अभ्यास अध्ययन गर्न टोली हिमाचल पुगिसकेको छ । माइतीघरमा धर्ना र अनशन भइसकेको छ । किसान तथा स्थानीय जनप्रतिनिधिले सरकारलाई दबाब दिइसकेका छन् । सरकारले बन्ध्याकरणको पाइलट कार्यक्रम घोषणा गरिसकेको छ । तर, समस्या दिनहुँ बढ्ने क्रममै छन् । बाँदरको समस्या एकैपटक समाधान हुने विषय होइन । तर, राज्यले यसको व्यवस्थापनका लागि स्पष्ट बाटो तय गर्नपर्छ ।

'संविधान संशोधनमा प्रतिनिधिसभाको दुईतिहाइ मात्र पर्याप्त हुँदैन'

काठमाडौं/मस– राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले संविधान संशोधनको प्रक्रिया प्रतिनिधिसभामा दुईतिहाइ बहुमत जुट्दैमा मात्र पूरा नहुने बताएका छन्।

प्रतिनिधिसभाअन्तर्गत राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा बोल्दै लामिछानेले संविधान संशोधनका लागि संवैधानिक व्यवस्थाअनुसार आवश्यक सबै प्रक्रियालाई ध्यान दिनुपर्ने बताएका हुन्। राप्रपा संसदीय दलका नेता ज्ञानेन्द्र शाहीले संविधान संशोधनका लागि दुई तिहाइ समर्थन जुटाउन आफूहरू तयार रहेको धारणा राखेपछि लामिछानेले प्रतिनिधिसभाको अंकगणित मात्रै संशोधनको पर्याप्त आधार नहुने स्पष्ट पारे। उनले संवेदनशील संवैधानिक तथा राजनीतिक विषयमा निष्कर्ष निकाल्दा सार्वजनिक रूपमा आएका आरोप, सञ्चारमाध्यमका सामग्री वा कुनै व्यक्तिले बयानमा नाम उल्लेख गरेको आधार मात्र पर्याप्त नहुने बताए। यस्ता विषयमा तथ्य,

प्रमाण, कानुन र संविधानलाई आधार बनाएर छलफल गर्नुपर्ने उनको भनाइ छ।

समितिमा उठाइने विषयले सम्बन्धित व्यक्ति मात्र नभई संवैधानिक निकाय र सार्वजनिक संस्थाको प्रतिष्ठामा समेत प्रभाव पार्ने भएकाले प्रस्तुत गरिने सामग्री विश्वसनीय र प्रमाणित हुनुपर्ने उनले बताए। आवाजको तीव्रताभन्दा प्रमाणको बल महत्वपूर्ण हुने उनको धारणा थियो।

लामिछानेले संवैधानिक निकायमा हुने नियुक्ति संविधानले निर्धारण गरेको प्रक्रियाअनुसार योग्यता र क्षमतालाई प्राथमिकता दिएर गर्नुपर्ने बताए। कुनै व्यक्तिसँगको असहमति वा विवादका कारण सम्बन्धित संवैधानिक संस्था र त्यसको नेतृत्वमाथि निरन्तर प्रश्न उठाउँदा संस्थागत विश्वसनीयता कमजोर हुन सक्ने उनले उल्लेख गरे। लोकतान्त्रिक व्यवस्थाका महत्वपूर्ण संस्थालाई व्यक्तिप्रतिको असन्तुष्टिका आधारमा कमजोर पार्न नहुनेमा जोड दिँदै उनले संस्थाप्रतिको जनविश्वास समाप्त भए त्यसको असर समग्र लोकतान्त्रिक प्रणालीमै पर्ने बताए। सरकारका सकारात्मक प्रयासमा सहयोग गर्ने प्रतिबद्धतालाई स्वागत गर्दै लामिछानेले संवैधानिक व्यवस्था र संस्थागत मर्यादा कायम राखेर सुधारका विषय अघि बढाउनुपर्ने धारणा राखे।

पिपिए खोल्न सरकारले अघि बढायो प्रक्रिया

काठमाडौं/मस– सरकारले विद्युत् खरिद सम्झौता (पिपीए) खोल्ने प्रक्रिया अघि बढाएको छ। पिपीए खोल्न आवश्यक मापदण्ड तयार गर्न नेपाल विद्युत् प्राधिकरण सञ्चालक समितिले उपसमिति गठन गरेको हो। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठको अध्यक्षतामा बिहीबार बसेको प्राधिकरण सञ्चालक समितिको बैठकले प्राधिकरणका सञ्चालक समिति सदस्य अंशुकिरण शाहीको संयोजकत्वमा उपसमिति गठन गरेको हो।

उपसमितिले सात दिनभित्र पिपीएका लागि आवश्यक मापदण्ड तयार गरी सञ्चालक समितिमा पेस गर्नेछ। उपसमितिमा विद्युत् विकास विभागका उपमहानिर्देशक, ऊर्जा मन्त्रालयका तर्फबाट सिडिइ शालिग्राम भण्डारी र ऊर्जा विज्ञ रिवाज शर्मा सदस्य रहेका छन्। प्राधिकरणको व्यापार शाखाका निर्देशक सदस्य सचिव रहने व्यवस्था गरिएको छ। सरकारले आर्थिक ऐन, २०८३ मा उत्पादन अनुमति प्राप्त ऊर्जा उत्पादकहरूसँग विद्युत् खरिद सम्झौता गर्न सकिने व्यवस्था गरेपछि प्राधिकरणले त्यसका लागि आवश्यक प्रक्रिया अघि बढाएको हो। सञ्चालक समितिको निर्णयअनुसार उपसमितिले पिपीएसम्बन्धी विद्यमान आधार तथा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयबाट गठित समितिको सिफारिससमेत अध्ययन र विश्लेषण गरी नयाँ मापदण्ड तयार गर्नेछ। उक्त मापदण्डका आधारमा उत्पादन अनुमति प्राप्त ऊर्जा उत्पादकसँग पिपीए गर्ने प्रक्रिया अघि बढाइने प्राधिकरणले जनाएको छ।

स्वास्थ्य बिमाको बजेट घटाइएको छैन : अर्थमन्त्री

काठमाडौं/मस– अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले सरकारले स्वास्थ्य बिमा कार्यक्रमको बजेट कटौती नगरेको स्पष्ट पारेका छन्।

बरु स्वास्थ्य बिमाका लागि गत वर्ष ११ अर्ब रुपैयाँ थप गरिएको र चालु आर्थिक वर्षमा समेत ५ अर्ब रुपैयाँ बजेट वृद्धि गरिएको उनले जानकारी दिए।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले पार्टी कार्यालय वनस्थलीमा आयोजना गरेको 'नागरिक, नीति र नेतृत्व' संवाद कार्यक्रममा सहभागी नागरिकहरूले स्वास्थ्य बिमाप्रति सरकारको धारणा र बजेट व्यवस्थाबारे राखेको जिज्ञासाको जवाफ दिँदै अर्थमन्त्री वाग्लेले यस्तो जानकारी दिए।

उनका अनुसार गत आर्थिक वर्षमा तत्कालीन सरकारले स्वास्थ्य बिमाका लागि १० अर्ब रुपैयाँ बजेट विनियोजन गरेको थियो। उक्त रकम कार्यक्रम सञ्चालनका लागि अपुग भएपछि आफू अर्थमन्त्री बनेपछि थप ११ अर्ब रुपैयाँ बजेट व्यवस्था गरिएको उनले बताए।

त्यस्तै, चालु आर्थिक वर्षको बजेटमा स्वास्थ्य बिमाका लागि थप ५ अर्ब रुपैयाँ बढाएर १५ अर्ब रुपैयाँ विनियोजन गरिएको उनले स्पष्ट पारे। 'गत वर्ष स्वास्थ्य बिमामा अघिल्लो सरकारले १० अर्ब बजेट छुट्याएको थियो। तर, त्यसले नपुगेर म मन्त्री भएर आएपछि ११ अर्ब थप गरेको हुँ,' उनले भने, 'यस वर्षको बजेटमा स्वास्थ्य बिमाका लागि ५ अर्ब थपेर १५ अर्ब छुट्याएको छु।'

अर्थमन्त्री वाग्लेले स्वास्थ्य बिमामा सरकारको दायित्व निरन्तर बढिरहेको भए पनि सरकारले गरेको लगानीअनुसार नागरिकले पर्याप्त सेवा पाएका छन् कि छैनन् भन्ने विषयमा भने प्रश्न रहेको बताए। उनले स्वास्थ्य बिमा कार्यक्रम सरकारी अस्पतालहरूमा निरन्तर सञ्चालन भइरहेको जानकारी दिँदै कार्यक्रमलाई थप प्रभावकारी र व्यवस्थित बनाउन अध्ययन भइरहेकोसमेत बताए।

स्वास्थ्य बिमामा सरकारको बढ्दो वित्तीय दायित्वसँगै उपलब्ध सेवाको प्रभावकारिता, अस्पतालको सेवा क्षमता तथा बिमित नागरिकले पाउने सुविधाको गुणस्तरमा समेत सुधार आवश्यक रहेको उनको भनाइ थियो। सरकारले स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिँदै त्यसबाट नागरिकले अपेक्षित लाभ पाउने गरी प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ अध्ययन तथा सुधारको प्रक्रिया अघि बढाइरहेको अर्थमन्त्री वाग्लेले बताए।

हदबन्दीका मुद्दा टुंग्याउन विशेष टोली परिचालन गर्न सुझाव

काठमाडौं/मस– अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले दशकौंदेखि निष्कर्षमा पुग्न नसकेका हदबन्दी तथा भूमिसम्बन्धी विवाद समाधानका लागि सरकारले छुट्टै जनशक्ति परिचालन गरी विशेष अभियान सञ्चालन गर्नुपर्ने बताएका छन्।

प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा बोल्दै राईले लामो समयदेखि भूमि सुधारसम्बन्धी निकायमा थन्किएका विषय नियमित प्रशासनिक प्रक्रियाबाट मात्र टुंग्याउन कठिन हुने भन्दै अभियानकै स्वरूपमा काम अघि बढाउनुपर्ने धारणा राखेका हुन्।

उनका अनुसार भूमिसम्बन्धी धेरै उजुरी आवश्यक तथ्य तथा प्रमाणको अभावमा वर्षौंदेखि निष्कर्षविहीन छन्। प्रमाण पर्याप्त नहुँदा अनुसन्धान टुंग्याउने वा उजुरीलाई तामेलीमा राख्ने दुवै प्रक्रियामा समस्या हुने गरेको उनले बताए। भूमि विवाद संवेदनशील विषय भएकाले प्रमाणका आधारबिना निर्णय गर्न नसकिने उनको भनाइ छ।प्रमुख आयुक्त राईले पुराना भूमिसम्बन्धी विवादमा सम्बन्धित निकायबाटै निर्णय हुनुपर्ने विषयलाई कानुनी व्यवस्थाअनुसार सम्बन्धित मन्त्रालयमा पठाउने प्रक्रिया अघि बढाइएको जानकारी दिए। भूमि सम्बन्धी ऐनको दफा २४ लगायतका प्रावधान प्रयोग गरी कतिपय पुराना विषयलाई तार्किक निष्कर्षमा पुऱ्याउन सकिने उनको भनाइ छ।

हदबन्दीसम्बन्धी समस्या भने अझै गम्भीर अवस्थामा रहेको राईले बताए। उनका अनुसार २०२१ सालदेखि कायम भएका हदबन्दीसम्बन्धी कतिपय विषय अझै भूमि सुधार मन्त्रालयमै विचाराधीन छन्। त्यस्ता जग्गाको नापजाँच, छुट्याउने र बाँडफाँडको प्रक्रिया पूर्ण रूपमा सम्पन्न हुन नसक्दा पुस्तौंदेखि जग्गासम्बन्धी अधिकारको प्रतीक्षामा रहेका मोही प्रभावित भइरहेका छन्।

काठमाडौंमै ठूलो क्षेत्रफलका जग्गासँग सम्बन्धित हदबन्दीका विषय समाधान हुन बाँकी रहेको उल्लेख गर्दै उनले समस्या समाधानका लागि करिब एक सय जनाको विशेष टोली परिचालन गर्न आफूले मन्त्रालयलाई पटक-पटक सुझाव दिएको बताए।

राईले हदबन्दीका पुराना फाइललाई सामान्य प्रशासनिक प्रक्रियामा सीमित नराखी समयबद्ध कार्ययोजनासहित अघि बढाउनुपर्नेमा जोड दिए। आवश्यक जनशक्ति र संस्थागत संयन्त्र बनाएर दशकौं पुराना विवाद टुंग्याउन सके मात्र प्रभावित पक्षले न्याय पाउने उनको भनाइ छ।

यसअघि गठन भएका सरकारबाट अपेक्षित रूपमा काम अघि बढ्न नसकेको उल्लेख गर्दै प्रमुख आयुक्त राईले अहिलेको सरकारले भूमिसम्बन्धी पुराना समस्या समाधानलाई प्राथमिकतामा राखेर अभियानका रूपमा अघि बढाउने अपेक्षा व्यक्त गरे।

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७२/१०/१९ मा दर्ता भएको **दर्ता नं. १४४७५५** को **सिद्धार्थ एग्रो टी इण्डष्ट्रिज प्रा. लि.** को मिति २०८३/०५/०४ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

लिक्विडेटरः नीलकण्ठ पोखरेल,
इजाजत पत्र नं. ५१२, ठेगाना : त्रिपुरेश्वर काठमाडौं,
फोन नं. ९८५१००६०४६

सरकारमा...

आरोप लगाएका छन्। उनले भने, 'एमालेले संस्थागत छलफल गर्नुको सट्टा सांसदहरूलाई व्यक्तिगत रूपमा प्रभावमा पार्न खोजेर अनैतिक खेल खेल्यो।' लिङ्देनले दुवै पक्षलाई समर्थन नगरी तटस्थ बस्ने निर्णय गरेका थिए। राप्रपा कार्यसम्पादन समितिको बैठकले थापालाई पार्टीबाट निष्कासन गर्ने निर्णय गरेको छ। 'उनलाई प्रदेशसभा सदस्यबाट समेत हटाउने र सरकारमा जाने सबैलाई कारबाही गरिन्छ,' अध्यक्ष लिङ्देनले भने। उनको यो निर्णयप्रति पार्टीका वरिष्ठ नेताहरूले आपत्ति जनाएका छन्। विधि, पद्धति र विधानविपरीत पार्टीलाई कमजोर बनाउने गरी नियोजित रूपमा गरिएको कारबाहीको निर्णयमा आफूहरू सहमत हुन नसक्ने भन्दै पूर्वअध्यक्ष डा.प्रकाशचन्द्र लोहनी, पूर्वअध्यक्ष कमल थापा, वरिष्ठ उपाध्यक्ष विक्रम पाण्डे, बागमती प्रदेश अध्यक्ष विक्रम थापाले वक्तव्य नै जारी गरेका हुन्। प्रदेश सरकारमा दिएको समर्थनको पक्ष-विपक्षमा नेताहरू विभाजित भए पनि राप्रपाभित्र संकट चुलिएको नेताहरूले बताएका छन्। त्यस्तै, लुम्बिनी प्रदेशमा पनि एमाले-नेकपाको बहुमत पुग्दैन। लुम्बिनीमा सरकार बनाउन जसपा नेपालको सहयोग आवश्यक पर्छ। नेपाली कांग्रेस र एमालेबीचको सत्ता सहकार्यमा मुख्यमन्त्री भएका आचार्यलाई नै एमालेले नयाँ सत्ता सहकार्यमा पनि निरन्तरता दिएको हो। उनले जसपा प्रदेश संसदीय दलको समर्थनमा भदौ १मा विश्वासको मत लिइसकेका छन्। केन्द्रको निर्णयविपरीत प्रदेश संसदीय दलका नेता सन्तोषकुमार पाण्डेले एमाले-नेकपाको सरकारलाई समर्थन गर्ने निर्णय गरेपछि सो दलभित्र विवाद चर्किएको छ। जसपा नेपाल केन्द्रीय समितिले प्रदेश संसदीय दलका नेतालाई पार्टी केन्द्रको निर्णयविपरीत कार्य गरेको भन्दै स्पष्टीकरण सोधेको छ। उनले समर्थन फिर्ता नलिए पार्टीले कारबाही गर्ने जसपा नेपालका कतिपय सांसदहरूले बताएका छन्।

जसपा नेपालका महासचिव डा.सुरेन्द्रकुमार झाले गत सोमबार नै लुम्बिनी प्रदेशसभा संसदीय दलका नेता पाण्डेयलाई पत्र पठाउँदै आचार्य नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिन निर्देशन दिएको थियो। तर, प्रदेश संसदीय दलका नेता पाण्डेले केन्द्रको निर्णयविपरीत मुख्यमन्त्री आचार्यलाई विश्वासको मत दिने निर्णय गरेपछि पार्टीभित्रको झगडा बल्झिएको हो। विश्वासको मत दिनेबेला जसपाकी एकजना सांसद अम्बिका काफ्लेभने केन्द्रको निर्णय मान्दै मतदानमा सहभागी भइनन्। मतदानमा सहभागी नभएपछि उनलाई दलका नेता पाण्डेयले स्पष्टीकरण सोधेका छन्। जसपा नेपालको समर्थन फिर्ता हुँदा एमाले र नेकपालाई सरकार बनाउन एक सिट पुग्दैन। यद्यपि एमाले सांसद एवं प्रदेश भौतिक पूर्वाधारमन्त्री रत्नबहादुर खत्री जसपा नेपालको संसदीय दलबाट सरकारलाई विश्वासको मत दिने र समर्थन जनाउने निर्णय गरेकाले समस्या नहुने बताउँछन्। 'प्रदेश सभा र दलले नै निर्णय गरेर सरकारलाई समर्थन दिइसकेको अवस्थामा सरकारलाई समस्या हुँदैन,' उनले भने, 'कुनै सांसदले अथवा केन्द्रका कोही नेताले के भन्छन् भन्दा पनि प्रदेशसभाले संसदीय दललाई चिन्ने हो। दलले निर्णय गरेर दिएको समर्थन फिर्ता नभएपछि सरकारलाई कुनै समस्या छैन।'

सत्तासाझेदार नेपाली कांग्रेसले गत साउन १२ गते सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री आचार्यले संवैधानिक व्यवस्थाअनुसार विश्वासको मत लिएका थिए। ८७ जना प्रदेशसभा सदस्य रहेको लुम्बिनी प्रदेशसभामा गत फागुनको निर्वाचनमा उम्मेदवार बन्न ४ जनाले राजीनामा दिएपछि अहिले ८३ जना मात्रै सांसद छन्। हाल कायम रहेको सदस्य संख्याको आधारमा प्रदेशसभामा बहुमतका लागि ४२ सांसद आवश्यक पर्छ। प्रदेशसभामा एमालेका २९ र नेकपाका सभामुखसहित १३ सांसद छन्। सभामुखको मत गणना नहुने भएकाले दुई दलको सांसद संख्या ४१ मात्रै पुग्छ।

६ सदस्यीय मन्त्रिपरिषद् विस्तार

बागमती प्रदेशको सातौं मुख्यमन्त्रीमा एमाले, नेकपा र राप्रपाका ६३ जना सांसदको समर्थनसहित एमाले सांसद किरण थापा नियुक्त भएका छन्। प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले संविधानको धारा १६८को उपधारा (२) बमोजिम दिएको समयसीमाभित्र थापाले बुधबार दाबी पेस गरेपछि आज उनलाई मुख्यमन्त्रीमा नियुक्त गरिएको हो।

थापा नेतृत्वको प्रदेश सरकारमा ६ मन्त्री नियुक्त भई पद तथा गोपनीयताको शपथ ग्रहण गरेका छन्। नवनियुक्त मुख्यमन्त्री किरण थापा मगरको सिफारिसमा प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले सरकारमा ६ मन्त्री नियुक्त गरेका हुन्। देवकोटाले सबै मन्त्रीलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराएका छन्। सत्तारुढ गठबन्धन दल एमाले, नेकपा र राप्रपाबाट मुख्यमन्त्री थापाले मन्त्री नियुक्त गरेका हुन्। प्रदेशका ८ मन्त्रालयमध्ये थापाले राप्रपाका ३ र नेकपाका १ मन्त्री नियुक्त गरेका छन्। मुख्यमन्त्री थापाले प्रदेश सरकारमा एमालेबाट भरतबहादुर केसी र ज्ञानबहादुर तामाङ मन्त्री बनेका छन् भने नेकपाबाट सरल सहयात्री, राप्रपाबाट गिरबहादुर तामाङ, राजु विष्ट र राजेन्द्र प्रजापतिलाई मन्त्री नियुक्त भएका हुन्।

राप्रपाका तामाङलाई स्वास्थ्य तथा सामाजिक मन्त्रालय, विष्टलाई खानेपानी ऊर्जा तथा सिँचाइ मन्त्रालय र प्रजापतिलाई उद्योग पर्यटन श्रम तथा यातायात मन्त्रालयको जिम्मेवारी तोकिएको छ। ज्ञानबहादुर तामाङ भने बिनाविभागीय रहेका छन्। प्रदेशको कृषि पशुपन्छी वन तथा वातावरण मन्त्रालय र आन्तरिक मामिला कानुन तथा सहकारी मन्त्रालयको जिम्मेवारी मुख्यमन्त्री थापाले आफूमातहत नै राखेका छन्।

साउदीमा....

तलब नपाउने, परिचयपत्र (अकामा) नबन्ने, अत्यधिक गर्मीमा खुला ठाउँमा काम गर्नुपर्ने, रोजगारदाताले स्वदेश फर्कन नदिने तथा कागजात नदिने, कतिपयले चोरीको आरोपमा फसाउने समस्या झेल्दै आएको गुनासो छ।

नेपालमा साउदी सीप प्रमाणीकरणको विषयमा वैदेशिक रोजगार व्यवसायीमा असन्तुष्टि रहेको छ। त्यस विषयमा छलफल भए/नभएको भने परराष्ट्र मन्त्रालयले बताएको छैन। परराष्ट्रमन्त्री खनालले दुई देशबाट हुने उच्चस्तरीय भ्रमणले सम्बन्धलाई थप गति दिनुका साथै आपसी हितका विभिन्न क्षेत्रमा सहकार्य विस्तार गर्न योगदान पुऱ्याउने बताएका छन्।

भेटमा मन्त्री खनालले हालै क्षेत्रीय द्वन्द्वका क्रममा साउदी अरबले आफ्ना नागरिक तथा साउदी अरबमा रहेका नेपाली श्रमिकको सुरक्षा र संरक्षणका लागि अपनाएका सुरक्षा तथा सुरक्षात्मक उपायप्रति धन्यवाद व्यक्त गरेको मन्त्रालयले बताएको छ।

नेपाल र साउदी अरबबीच सन् १९७७ मार्च १५ मा कूटनीतिक सम्बन्ध स्थापना भएयता दुई देशबीच मैत्रीपूर्ण सम्बन्ध रहँदै आएको छ। यसै वर्ष नेपाल र साउदी अरबबीचको कूटनीतिक सम्बन्धको ५०औं वर्षगाँठका अवसरमा विभिन्न कार्यक्रम गरिने बताइएको छ।

भेटका क्रममा दुवै पक्षले नेपाल र साउदी अरबबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ५० औं वर्षगाँठको महत्वलाई स्मरण गर्दै दुई देशबीचको सम्बन्धलाई थप सुदृढ बनाउन उच्चस्तरीय भ्रमण तथा आदान-प्रदानलाई निरन्तरता दिनुपर्नेमा जोड दिएको परराष्ट्र मन्त्रालय जनाएको छ।

त्यसैगरी भेटमा दुवै पक्षले नेपाल-साउदी अरबबीच विद्यमान सम्बन्धप्रति सन्तुष्टि व्यक्त गर्दै पारस्परिक हितका क्षेत्रमा द्विपक्षीय सहकार्यलाई थप सुदृढ गर्ने प्रतिबद्धता दोहोऱ्याएका छन्। राजनीतिक परामर्श, लगानी, पर्यटन, हवाई सम्पर्क, श्रम गतिशीलता तथा साउदी अरबमा रहेका नेपाली श्रमिकको कल्याणलगायत क्षेत्रमा सहकार्य विस्तार गर्ने विषयमा पनि छलफल भएको थियो।

नेपालले साउदी अरबसँग राजनीतिक तथा कूटनीतिक सम्बन्धसँगै लगानी, पर्यटन, हवाई सम्पर्क, श्रम र अन्य आर्थिक क्षेत्रमा सहकार्य विस्तार गर्न इच्छुक रहेको बताएको छ। दुई देशबीचको विद्यमान मैत्रीपूर्ण सम्बन्धलाई अब थप परिणाममुखी साझेदारीमा रूपान्तरण गर्न आवश्यक रहेको भन्दै मन्त्री खनालले आगामी दिनमा दुवै देशबीच उच्चस्तरीय भ्रमण र संवादलाई निरन्तरता दिँदै आपसी हितका क्षेत्रमा सहकार्य थप विस्तार गर्नुपर्ने बताएका छन्।

जन्ममिति फरक परेको सूचना

जिल्ला प्रशासन कार्यालय चितवनको प.सं. २०८३।८४, च.नं. ६९३, मिति २०८३।०५।०३ को प्रमाणित सम्बन्धमा शीर्षकको सिफारिस पत्रअनुसार चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. ४ निवासी भारतीय सैनिक नं. १५७३१८३एच हवल्दार नन्द लाल कडेलले मेरो श्रीमती हरि कला कडेलको नागरिकता प्रमाणपत्रमा जन्ममिति २०२०/०२/१० (सन् २४-०५-१९६३) भएको र पेन्सन अभिलेखमा श्रीमतीको जन्ममिति सन् २४-०५-१९७४ उल्लेख भई फरक परे तापनि फरक जन्ममिति भएको मेरो श्रीमती एकै व्यक्ति भएकोले एकै व्यक्ति भएको व्यहोरा प्रमाणित गरी पाऊँ भनी यस कार्यालयमा पेश गरेको निवेदन सम्बन्धमा भरतपुर महानगरपालिका वडा नं. ४ को च.नं. ५०२ मिति २०८३/०५/०२ को सिफारिस पत्रको आधारमा उक्त व्यहोरा भारतीय पेन्सन प्रयोजनार्थ प्रमाणित गरिन्छ।

जन्ममिति फरक परेको व्यक्ति

जन्ममिति फरक परेको सूचना

जिल्ला प्रशासन कार्यालय चितवनको प.सं. २०८३।८४, च.नं. ६९२, मिति २०८३।०५।०३ को प्रमाणित सम्बन्धमा शीर्षकको सिफारिस पत्रअनुसार चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. ४ निवासी भारतीय सैनिक नं. १५७३१८३एच हवल्दार नन्द लाल कडेलले मेरो नागरिकता प्रमाणपत्रमा जन्ममिति २०२१/०७/१२ (सन् २८-१०-१९६४) भएको र पेन्सन अभिलेखमा मेरो जन्ममिति सन् २०-०७-१९६६ उल्लेख भई फरक परे तापनि फरक जन्ममिति भएको म एकै व्यक्ति भएकोले एकै व्यक्ति भएको व्यहोरा प्रमाणित गरी पाऊँ भनी यस कार्यालयमा पेश गरेको निवेदन सम्बन्धमा भरतपुर महानगरपालिका वडा नं. ४ को च.नं. ५०३ मिति २०८३/०५/०२ को सिफारिस पत्रको आधारमा उक्त व्यहोरा भारतीय पेन्सन प्रयोजनार्थ प्रमाणित गरिन्छ।

जन्ममिति फरक परेको व्यक्ति

कुवेतमा रोजगार

क१. कम्पनी : **IMILE KUWAIT COMPANY FORSTORAGE IN WAREHOUSES** शहरः **KUWAIT**
पूर्व स्वीकृत मितिः २०८३/०५/०४ चलानी नं.: ६०२६००५२ **LT. No.: 346939**

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रू.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Driver (Light Vehicle)	20	0	सम्बन्धित काममा दक्ष	150	७४,६७४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Factory Helper	20	0		100	४९,७८३							

क२. कम्पनी : **GLAMOUR SPA & GYM LADIESINSTITUTE** शहरः **KUWAIT**
पूर्व स्वीकृत मितिः २०८३/०५/०४ चलानी नं.: ६०२६००५३ **LT. No.: 346938**

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रू.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Receptionist	0	3	सम्बन्धित काममा दक्ष	140	६९,६९६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Beautician	0	10		150	७४,६७४							
3.	Cleaner (Indoor)	0	10		100	४९,७८३							

क३ कम्पनी : **UNIQAR COMPANY FOR CAR ACCESSORIES** शहरः **KUWAIT**
पूर्व स्वीकृत मितिः २०८३/०५/०४ चलानी नं.: ६०२६००५४ **LT. No.: 346858**

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रू.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	A/c Technician	5	0	स. काममा दक्ष	140	६९,६९६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Aluminium & Glass Technician	5	0		120	५९,७३९							
3.	Auto Electrician	5	0		140	६९,६९६							
4.	Auto Mechanic	5	0		120	५९,७३९							
5.	Carpenter Finishing	5	0		140	६९,६९६							
6.	Driver (Heavy Vehicle)	2	0		160	७९,६५२							
7.	Driver (Light Vehicle)	2	0		140	६९,६९६							
8.	Electrecian	5	0		140	६९,६९६							
9.	Fiber Technician	5	0		150	७४,६७४							
10.	General Plumber	5	0		130	६४,७१७							
11.	General Welders	5	0		130	६४,७१७							
12.	Labor/helper	20	0		95	४७,२९३							
13.	Tailors	3	0		140	६९,६९६							
14.	Technician General	10	0		150	७४,६७४							

क४. कम्पनी : **POWER CLEAN COMPANY FORTRADING IN CHEMICALS,CLEANING TOOLS & EQUIPMENT W.W.L** शहरः **KUWAIT**
पूर्व स्वीकृत मितिः २०८३/०५/०४ चलानी नं.: ६०२६००५५ **LT. No.: 346856**

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रू.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	A/c Technician	5	0	सम्बन्धित काममा दक्ष	150	७४,६७४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Driver Light Vehicale	2	0		140	६९,६९६							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १२ गते (28 August 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	क.१, २, ४ रु १०,००० र क.३ मा नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Dana Human Resource Nepal Pvt. Ltd. Govt Lic No. 1692/080/81
Sinamangal, Kathmandu, Tel.: 01-5923344,
Email : info@danane pal.com, Web: www.dananepal.com
Contact No : 9802373747, 9802397164, 9802398611, 9802373751, 9802398610, 9802373753

कतारमा रोजगार

कम्पनीः **MARIO AND MARIO RESTAURANT** शहरः **QATAR,DOHA**
पूर्व स्वीकृत मितिः २०८३/०५/०४ चलानी नं.: ६०२६००५० LT. No.346865

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब QR	मासिक तलब ने. रू.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Ground Host For Reservation	3	0	सम्बन्धित काममा दक्ष	1400	५८,७३०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Guest Service Agent	6	0		1600	६७,१२०							
3.	Head Waiter	2	0		1600	६७,१२०							
4.	Waiter	6	3		1400	५८,७३०							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८३ भदौ १२ गते (28 August 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

POKHARA RECRUITMENT (P.) LTD. Gov. Lic No. 1426/074/075
Samakhusi Townplanning, Kathmandu, Nepal Tel: 01-4978515, 9767979515,
9768602406, Email: Pr@pgnepal.com, Pokhararecruitment205@gmail.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

बाँदर व्यवस्थापन नीतिको खाँचो

बाँदर समस्या अब गाउँघरको सामान्य गुनासो रहेन । यो किसानको जीविका, कृषि उत्पादन, खाद्य सुरक्षा र ग्रामीण बस्तीको भविष्यसँग जोडिएको गम्भीर मुद्दा बनेको छ । खेतबारीमा लगाएको बाली जोगाउन नसकेर किसानले खेती छाड्ने र थातथलो नै छाडेर बसाइँ सर्नुपर्नेसम्मको अवस्था आएको छ । धनकुटाको चौबिसे गाउँपालिका-४ यसको प्रतिनिधि उदाहरण हो । बाँदरले मकैसहितका बाली नष्ट गरेपछि स्थानीयले खेती गर्न छाडेका छन् । कतिपय परिवार तराईतिर बसाइँ सरेका छन् । बैतडीको दशरथचन्द नगरपालिकामा पनि बाँदरकै कारण खेतीपाती छाड्ने र बसाइँ सर्ने क्रम बढेको छ । सिन्धुली, रामेछाप, दोलखा, स्याङ्जा, पर्वत, बागलुङ, अर्घाखाँची, गुल्मी, काभ्रे, ओखलढुंगा, काठमाडौंलगायत क्षेत्रमा पनि बाँदरले आतंक मच्याएको छ ।

बाँदरले बाली मात्र नष्ट गरिरहेको गर्दैन् । घरभित्र पस्ने, खाद्यान्न खोस्ने, मानिसलाई चिथोर्ने र टोक्ने घटना बढिरहेका छन् । तर, यी सबै समस्याको दोष बाँदरलाई मात्र दिएर राज्य उम्कन मिल्दैन । विज्ञहरूका अनुसार, गाउँबाट मानिसको संख्या घट्नु, खेतीयोग्य जमिन बाँझिँदै जानु र जंगल तथा बस्तीबीचको दूरी घट्नुले बाँदरलाई बस्तीमा आउन सहज बनाएको हो । मानिसले बाँदरलाई मानव खानेकुरा खुवाउने बानी बसाल्दा उनीहरूको प्राकृतिक व्यवहारमा पनि परिवर्तन आएको छ । यसको समाधान 'बाँदर मार्ने कि बचाउने' भन्ने दुई ध्रुवीय बहसबाट निस्कँदैन । किसानको बाली जोगाउनु र वन्यजन्तुको संरक्षण गर्नु दुवै राज्यको जिम्मेवारी हो । त्यसैले मान्छे र बाँदरबीचको द्वन्द्व घटाउने वैज्ञानिक उपाय खोजिनुपर्छ ।

नेपालले विकल्प खोज्न थालेकै पनि धेरै भइसकेको छ । २०८० माघमा संसदीय समितिको टोलीले भारतको हिमाञ्चल प्रदेश पुगेर बाँदर बन्ध्याकरण कार्यक्रमको अध्ययन गरेको थियो । खोटाङका जनप्रतिनिधिको आन्दोलनपछि सरकारले बन्ध्याकरणको पाइलट कार्यक्रम अघि बढाउने सहमति पनि गरेको छ । तर, एउटा पालिकामा बन्ध्याकरण गर्दैमा देशभरको समस्या समाधान हुँदैन । सरकारले अब देशभर बाँदरको संख्या, प्रजाति, बासस्थान र जोखिम क्षेत्रको वैज्ञानिक नक्सांकन गर्नुपर्छ । त्यसका आधारमा बन्ध्याकरण, सुरक्षित घेराबार, गैरघातक धपाउने प्रविधि, सामुदायिक निगरानी र जोखिमअनुसारको बाली प्रणालीजस्ता उपाय परीक्षण गर्नुपर्छ ।

कतिपय स्थानीय तहले बाँदर हेरालु राखेर तत्काल राहत दिने प्रयास गरेका छन् । तर, यो दीर्घकालीन समाधान होइन । संघले नीति, अनुसन्धान र बजेटको नेतृत्व गर्ने, प्रदेशले प्राविधिक संरचना बनाउने र स्थानीय तहले जोखिम पहिचान तथा व्यवस्थापन गर्ने गरी जिम्मेवारी स्पष्ट गर्नुपर्छ । बाँदर नियन्त्रणबारे समिति, अध्ययन, आन्दोलन र आश्वासन धेरै भइसके । अब अर्को प्रतिवेदन होइन, स्पष्ट राष्ट्रिय कार्ययोजना चाहिएको छ । किसानले खेती गर्न सक्ने, गाउँमा मानिस बस्न सक्ने र वन्यजन्तु पनि सुरक्षित रहने गरी बाँदर व्यवस्थापनको ठोस नीति ल्याउने बेला आएको छ ।

कांग्रेस : महाधिवेशन कि विभाजन ?

१५औं महाधिवेशन नजिकिँदै गर्दा नेपाली कांग्रेसभित्र संस्थापन र असन्तुष्ट समूहबीच गहिरिएको आन्तरिक द्वन्द्वले पार्टीलाई कानुनी र व्यावहारिक रूपमै विभाजनको दिशातिर धकेलेको छ । व्यक्तिगत प्रतिष्ठा, गुटबन्दी र समानान्तर गतिविधिलाई पन्छाएर विधान, निष्पक्ष निर्वाचन र फराकिलो लचकतासहितको नेतृत्ववदायी संवादमार्फत संस्थागत एकता जोगाउनु नै आजको अनिवार्य आवश्यकता हो ।

अग्रलेख

● आरपी गैरे

नेपाली कांग्रेसको १५औं महाधिवेशनको प्रक्रिया वडा अधिवेशनमार्फत औपचारिक रूपमा अघि बढ्दै गर्दा पार्टीभित्रको आन्तरिक द्वन्द्व झन् गहिरिएको छ । एउटा पक्ष संगठन निर्माण, अधिवेशन र नेतृत्व चयनको प्रक्रियामा अघि बढ्ने तयारीमा छ भने अर्को पक्षले त्यस प्रक्रियालाई नै अस्वीकार गर्दै समानान्तर राजनीतिक अभ्यास गरिरहेको छ । यस्तो अवस्थामा कांग्रेसको १५औं महाधिवेशन पार्टीलाई एकताबद्ध गर्ने लोकतान्त्रिक अभ्यास बन्ने हो कि विभाजनलाई संस्थागत गर्ने माध्यम बन्ने हो भन्ने प्रश्न गम्भीर रूपमा उठेको छ ।

निवर्तमान सभापति शेरबहादुर देउवा पक्ष वडा अधिवेशनदेखि सुरु हुने १५औं महाधिवेशन प्रक्रियामा सहभागी नहुने लगभग निश्चित भइसकेको छ । राजनीतिक दलका लागि यो सामान्य असहमति मात्र होइन । एउटा पक्षले पार्टीको आधिकारिक संगठनात्मक प्रक्रियाबाट आफूलाई अलग राख्नु भनेको व्यवहारतः समानान्तर संगठन निर्माणतर्फको यात्रा हो । निर्वाचन आयोगको कागजी अभिलेखमा कांग्रेस अझै एउटै दलका रूपमा कायम रहे पनि व्यवहारमा भने दुईवटा कांग्रेस देखिन थालेका छन् ।

एकातिर विशेष महाधिवेशनबाट आएको भनिएको केन्द्रीय समिति छ, जसले निर्धारित प्रक्रियाअनुसार १५औं महाधिवेशन अघि बढाउने तयारी गरिरहेको छ । अर्कोतिर १४औं महाधिवेशनबाट निर्वाचित सभापति शेरबहादुर देउवाको नेतृत्वलाई निरन्तरता दिने निर्णयसहित राष्ट्रिय सम्मेलन सम्पन्न गरेको समूह छ । दुई पक्षले एकअर्कालाई राजनीतिक र सांगठनिक वैधतालाई चुनौती दिइरहेका छन् । यस्तो अवस्थामा कांग्रेसभित्रको विवाद अब नेतृत्व परिवर्तनको विवाद मात्र रहेन, यो पार्टीको अस्तित्व, वैधानिकता र आधिकारिकताको प्रश्नमा परिणत भएको छ ।

तानातान र शक्ति संघर्ष

कांग्रेसभित्रको वर्तमान संकटलाई हेर्दा दुईवटा शक्तिले एकैपटक काम गरिरहेको देखिन्छ । एउटा शक्ति एउटा समूहलाई संगठनबाट बाहिर धकेल्ने दिशामा सक्रिय छ भने अर्को शक्ति त्यही प्रक्रियाबाट आफूलाई बाहिर निकालेर छुट्टै राजनीतिक वैधता स्थापित गर्ने दिशामा अघि बढेको देखिन्छ ।

विशेष महाधिवेशनपछि आएको केन्द्रीय समितिले क्रियाशील सदस्यता अद्यावधिक गर्नुपर्ने सर्त अघि सार्दै अद्यावधिक नगर्ने सदस्यलाई वडा अधिवेशनमा सहभागी हुन नदिने निर्णय गरेको छ । इतर पक्षको बुझाइमा यो निर्णय पार्टी विधानले तोकेको व्यवस्थाभन्दा बाहिर गएर गरिएको अतिरिक्त प्रबन्ध हो । त्यसैले उनीहरूले यसलाई संगठनात्मक शुद्धीकरणभन्दा राजनीतिक छानबिन र असन्तुष्ट समूहलाई अधिवेशन प्रक्रियाबाट बाहिर राख्ने रणनीतिका रूपमा बुझेका छन् ।

तर, संस्थापन पक्षको दृष्टिकोण पनि त्यत्तिकै कठोर छ । देउवा पक्षले विशेष महाधिवेशनको अस्तित्व स्वीकार नगरी १४औं महाधिवेशनबाट प्राप्त नेतृत्वलाई नै आधिकारिक मानेको छ । गत २९ देखि ३१ साउनसम्म सम्पन्न राष्ट्रिय सम्मेलनले देउवाकै नेतृत्वमा १५औं महाधिवेशन आयोजना गर्ने निर्णय गरेपछि संस्थापन पक्षले त्यसलाई समानान्तर संगठन निर्माणको प्रयासका रूपमा लिएको छ । यसरी एउटा पक्षले अर्को पक्षलाई अधिवेशनको प्रक्रियाबाट बाहिर धकेलिरहेको छ भने अर्को पक्ष स्वयंलाई त्यो प्रक्रियाबाट अलग गर्दै वैकल्पिक वैधताको खोजीमा छ । यही दोहोरो प्रक्रियाले कांग्रेसलाई आजको जटिल मोडमा पुऱ्याएको हो ।

नेपाली कांग्रेसको इतिहास लोकतान्त्रिक संघर्षसँग जोडिएको छ । पार्टीभित्र नेतृत्व परिवर्तनका अनेकौं घटना भए, गुट बने र फुटे, पुनः एकता पनि भयो । तर, हरेक विवादको अन्तिम निकास पार्टीको वैधानिक संरचना, महाधिवेशन र लोकतान्त्रिक प्रक्रियाबाट खोज्ने परम्परा कांग्रेसको बलियो पक्ष रहँदै आएको थियो । तर, अहिले त्यही पार्टीको नेतृत्व र असन्तुष्ट समूह दुवै आफ्नो-आफ्नो वैधताको व्याख्या गर्दै समानान्तर बाटोमा देखिनु विडम्बनापूर्ण छ ।

पार्टी फुटाउने शक्ति बाहिरबाट मात्र आउँदैन । कहिलेकाहीं पार्टीभित्रका अतिवादी रणनीति, व्यक्तिगत प्रतिष्ठाको संघर्ष र संस्थागत प्रक्रियामाथिको अविश्वासले पनि विभाजनको आधार तयार गर्छ । कांग्रेसमा अहिले त्यही अवस्था देखिन थालेको छ । दुवै पक्षले आफूलाई सही र अर्को पक्षलाई गलत साबित गर्ने प्रयास गरिरहेका छन् । तर, पार्टीलाई कसरी जोगाउने भन्ने प्रश्न भने दुवैको राजनीतिक प्राथमिकताको केन्द्रमा कमजोर देखिन्छ ।

निर्वाचन आयोगको अभिलेखमा नेपाली कांग्रेस अहिले पनि एउटा राजनीतिक दल हो । यसको झन्डा, चुनाव चिह्न र कानुनी अस्तित्व एउटै छ । तर, राजनीतिक व्यवहारमा अवस्था फरक भइसकेको छ । चुनदेवीमा कार्यालय स्थापना गरेर इतर पक्षले समानान्तर गतिविधि अघि बढाएको छ । त्यसपछि राष्ट्रिय सम्मेलनमार्फत आफूलाई वैकल्पिक केन्द्रीय संरचनाका रूपमा प्रस्तुत गर्ने प्रयास भएको छ । अर्कोतर्फ संस्थापन पक्षले विशेष महाधिवेशनबाट प्राप्त संरचनालाई आधिकारिक मान्दै आफ्नो सांगठनिक प्रक्रिया अघि बढाएको छ ।

यसले एउटा गम्भीर राजनीतिक सन्देश दिन्छ- कांग्रेस विभाजनको संघारमा मात्र पुगेको होइन, व्यवहारतः विभाजनको अभ्यास सुरु भइसकेको छ । अब बाँकी रहेको प्रश्न औपचारिक घोषणा र कानुनी प्रक्रियाको मात्र हुन सक्छ । यद्यपि यस्तो निष्कर्षमा पुग्नुअघि अदालतको निर्णय र निर्वाचन आयोगको औपचारिक प्रक्रियालाई पनि हेर्नुपर्ने हुन्छ । विशेष महाधिवेशनको वैधतासम्बन्धी विवादमा सर्वोच्च अदालतले पुनरवलोकनका लागि निस्सा दिएको अवस्था स्वयंमा निर्णायक फैसला होइन । तर, यही कानुनी प्रक्रियाले कांग्रेसभित्रको शक्ति संघर्षलाई थप संवेदनशील बनाएको छ ।

इतर पक्षले विशेष महाधिवेशनको वैधतालाई चुनौती दिँदै राष्ट्रिय सम्मेलन आयोजना गरेको थियो । त्यस सम्मेलनको उद्देश्य राजनीतिक रूपमा आफ्नो शक्ति र प्रतिनिधित्व देखाउनु पनि थियो । तर, लोकतान्त्रिक दलभित्र वैधता केवल नाराबाट स्थापित हुँदैन । वैधताको एउटा महत्त्वपूर्ण आधार प्रतिनिधित्व र बहुमत हो । यदि राष्ट्रिय सम्मेलनमा महाधिवेशन प्रतिनिधिहरूको स्पष्ट बहुमत उपस्थित भएको र त्यसलाई प्रमाणित गर्न सकिएको भए इतर पक्षले विशेष महाधिवेशन अल्पमतको जमघट थियो भन्ने दाबीलाई थप बलियो बनाउन सक्थ्यो । तर, राष्ट्रिय सम्मेलनले त्यस्तो निर्णायक शक्ति प्रदर्शन गर्न सकेन । जसलाई विशेष महाधिवेशनको कमजोरी प्रमाणित गर्ने अस्त्रका रूपमा प्रयोग गर्न खोजिएको थियो, त्यही सम्मेलनको सहभागिताले उल्टै विशेष महाधिवेशनको वैधतासम्बन्धी बहसलाई थप जटिल बनाइदिएको छ ।

विधानको प्रश्न र विभाजनको मूल्य

लोकतान्त्रिक पार्टीमा अन्तिम निर्णायक शक्ति व्यक्ति होइन, विधान हो । विधानपछि प्रतिनिधि र त्यसपछि बहुमतको राजनीतिक निर्णय आउँछ । त्यसैले कांग्रेसको वर्तमान विवादमा सबैभन्दा महत्वपूर्ण प्रश्न यही हो– कुन पक्षले विधानअनुसारको प्रक्रिया पूरा गरेको छ ?

विशेष महाधिवेशन विधिसम्मत थियो कि थिएन भन्ने प्रश्न अदालतमा विचाराधीन छ । अदालतको अन्तिम निष्कर्षअघि कुनै पक्षले आफूलाई पूर्ण रूपमा विजयी र अर्को पक्षलाई पूर्ण रूपमा अवैध घोषणा गर्नु राजनीतिक रूपमा जोखिमपूर्ण हुन्छ । त्यसैगरी राष्ट्रिय सम्मेलनले पनि आफ्नो राजनीतिक दावी स्थापित गर्न विधि, प्रतिनिधित्व र बहुमतको प्रश्नबाट उम्कन सक्दैन । कांग्रेसको वर्तमान संकटमा सबैभन्दा दुःखद पक्ष यही हो कि दुवै समूहले लोकतन्त्रको भाषा बोलिरहेका छन्, तर एकअर्कालाई लोकतान्त्रिक अस्तित्व स्वीकार गर्न तयार देखिँदैनन् ।

कांग्रेस विभाजित भयो भने त्यसको मूल्य कांग्रेसका लाखौं कार्यकर्ता, शुभेच्छुक र समर्थकले तिर्नुपर्नेछ । गाउँका वडा कार्यालयदेखि प्रदेश संरचनासम्म बसौंदेखि निर्माण भएका संगठनहरू दुई धारमा विभाजित हुनेछन् । सबैभन्दा ठुलो असर कांग्रेसको लोकतान्त्रिक पहिचानमाथि पर्नेछ । दशकौंदेखि लोकतन्त्रका लागि संघर्ष गरेको पार्टी आफ्नै आन्तरिक लोकतन्त्र व्यवस्थापन गर्न असफल भयो भन्ने सन्देश जानु निकै महँगो साबित हुन सक्छ । अझ नयाँ पुस्ताको असन्तुष्टि र पुराना दलप्रतिको वितृष्णा बढिरहेको अवस्थामा यो विभाजनले परम्परागत शक्तिहरूको संकटलाई थप गहिरो बनाउनेछ ।

कांग्रेसका दुवै पक्षले अब एउटा कुरा बुझ्न आवश्यक छ– महाधिवेशनमा आफूले जित्नु र पार्टीले जित्नु एउटै कुरा होइन । कुनै व्यक्तिले सभापति जित्न सक्छ, तर पार्टी नै विभाजित भयो भने त्यो जितको राजनीतिक अर्थ निकै सानो हुन्छ । आज कांग्रेसका लागि आवश्यक कुरा अर्को पक्षलाई समाप्त गर्ने रणनीति होइन, अर्को पक्षलाई समेट्ने राजनीतिक कौशल हो । विधानको व्याख्या अदालतले गर्ला, तर पार्टी जोगाउने राजनीतिक निर्णय भने कांग्रेसका नेताहरूले नै गर्नुपर्नेछ ।

विशेष महाधिवेशनको वैधता होस् वा राष्ट्रिय सम्मेलनको प्रतिनिधित्व, सबै प्रश्नको अन्तिम समाधान शक्ति प्रदर्शनबाट होइन, संस्थागत प्रक्रियाबाट खोजिनुपर्छ । अदालतको सम्मान गर्दै, क्रियाशील सदस्यता अद्यावधिकको प्रश्नलाई विधान र न्यायका आधारमा समाधान गरिनुपर्छ । कांग्रेसका लागि अहिले सबैभन्दा ठुलो आवश्यकता एउटा पक्षको विजय होइन, संस्थाको विजय हो ।

आज वडा अधिवेशनबाट सुरु हुने १५औं महाधिवेशनको प्रक्रिया केवल संगठनात्मक कार्यक्रम होइन, यो कांग्रेसको एकता र विभाजनबीचको परीक्षा हो । देउवा पक्षले भाग नलिने र दुवै पक्षले एक-अर्कालाई निर्णय अस्वीकार गर्ने हो भने महाधिवेशनले पार्टीलाई चोइट्याउनेछ । तर, अझै ढिलो भइसकेको छैन । असहमतिलाई विभाजनमा परिणत हुन नदिनु नै नेतृत्वको असली क्षमता हो ।

नेपाली कांग्रेस आज जुन मोडमा उभिएको छ, त्यहाँ कसले कसलाई हराउने भन्ने होइन, कसले कांग्रेसलाई जोगाउने भन्ने प्रश्न मुख्य हो । पार्टीलाई एक ढिक्का बनाउने मुख्य जिम्मेवारी संस्थापन पक्षकै हुन्छ । संस्थापनसँग संगठन, नेतृत्व र निर्णय गर्ने अधिकार हुन्छ । सभापति एउटा गुटको मात्र होइन, सम्पूर्ण पार्टीको अभिभावक हो । एकढिक्का पार्टीको सभापति हुनु र विभाजित पार्टीको सभापति हुनुमा ठुलो फरक हुन्छ ।

१४औं महाधिवेशनबाट निर्वाचित सभापति शेरबहादुर देउवा समयमा पर्याप्त लचक भएको भए परिस्थिति विशेष महाधिवेशनसम्म पुग्ने थिएन । राजनीतिमा सबै माग स्वीकार गर्नुपर्छ भन्ने हुँदैन, तर सही समयमा एक कदम पछाडि हटेर ठुलो संस्थालाई जोगाउनु नै नेतृत्वको वास्तविक शक्ति हो । देउवाको कार्यकालमा त्यही लचकताको अभाव देखियो । अर्कातर्फ, विशेष महाधिवेशनबाट नेतृत्वमा आएका गगन थापासामु पनि त्यही परीक्षा छ । विगतको संघर्षबाट सिकेर उनले अझ फराकिलो दृष्टिकोण अपनाउन सक्नुपर्थ्यो । तर, १५औं महाधिवेशनको पूर्वसन्ध्यामा दुवै धारबाट पर्याप्त लचकता नदेखिँदा संकट झन् गहिरिँदै गएको छ ।

एम्सको अवार्ड र मध्यरातको सूर्य

● टीएस ठकुरी

नेपाल फर्कंदा मेरो झोलामा एउटा अन्तर्राष्ट्रिय पुरस्कार थियो । मोबाइलमा मध्यरातको सूर्यका तस्बिरहरू थिए । घाँटीमा १० किलोमिटर दौडको पदक पनि थियो । तर, ती सबैभन्दा मूल्यवान् मेरो मनमा बोकेको नयाँ विश्वास थियो ।

अमेरिकी लेखक मार्क ट्वाइनले कतै भनेका छन् -'यात्राले पूर्वाग्रह, कट्टरता र संकीर्ण सोचलाई समाप्त पार्छ ।' तसर्थ कुनै पनि यात्रा हरेक मानिसका लागि फरक सोच, अनुभूति र फरक उद्देश्यका लागि अवश्य हुने गर्दछन् । मेरा लागि यसपटकको यात्रा नर्वेसम्मको मात्र थिएन । यो त पश्चिम नेपालको पुरानो सहर नेपालगन्जदेखि विश्वमञ्चसम्म पुग्ने एउटा सपना र संघर्षको यात्राको प्रतिनिधित्व थियो ।

हुन त, जीवन आफैंमा यात्रा हो । कहिले कता, कहिले कहाँ । जीवनको यात्रा चलिरहन्छ । संघर्ष, सफलता, खुसी र सन्तुष्टिका लागि । जीवनका केही यात्रा गन्तव्यका लागि गरिन्छन्, केही यात्रा अनुभवका लागि । म केही नयाँ सिक्न, आत्मविश्वास बढाउन र समाजमा केही योगदान गर्ने हेतुले सकेसम्म यात्रा गर्छु । तसर्थ यात्राका उद्देश्य फरकफरक हुन्छन् । तर, विरलै यस्ता यात्रा पनि हुन्छन्, जसले एकैपटक सपना, संघर्ष, सम्मान र आत्मविश्वास सबैलाई नयाँ अर्थ दिन्छन् । सन् २०२६को नर्वे यात्रा मेरो जीवनको त्यस्तै एउटा अविस्मरणीय अध्याय बन्यो । यो यात्रा मेरा लागि तीन कारणले विशेष थियो । पहिलो, नेपालगन्ज म्याराथनले प्राप्त गरेको एम्स सोसल अवार्ड २०२६ ग्रहण गर्ने गौरवमय क्षण । दोस्रो, मध्यरातसम्म पनि आकाशमा चम्किरहने सूर्य आफ्नै आँखाले हेर्ने बाल्यकालदेखिको कौतुहल । र, तेस्रो, जीवनमै पहिलोपटक १० किलोमिटर दौड पूरा गर्ने व्यक्तिगत संकल्प ।

नेपालगन्ज म्याराथनको यात्रा सुरु गर्दा हामीसँग न त ठुलो बजेट थियो, न अन्तर्राष्ट्रिय पहुँच । थियो त केवल एउटा विश्वास । दौडले समाजको सोच बदल्न सक्छ भन्ने अटल विश्वास । सामाजिक रूपान्तरणको महत्त्वपूर्ण औजार सडक दौड बन्न सक्छ भन्ने सोच । दौड पदक जित्ने खेल मात्र होइन, यसले स्वास्थ्य, पर्यटन, सामाजिक एकता, महिला सहभागिता र स्थानीय पहिचानलाई एकैसाथ अघि बढाउन सक्छ । यही विश्वासलाई आधार बनाएर सुरु भएको अभियानले ११ वर्षभन्दा

बढी समयपछि विश्व रनिङ समुदायबाट सामाजिक प्रभावको सम्मान पाउनु मेरा लागि शब्दमा व्यक्त गर्न गाह्रो क्षण थियो ।

वर्ल्ड रनिङको विश्वव्यापी छाता संगठन एसोसियसन अफ इन्टरनेसनल म्याराथन एन्ड डिस्टेन्स रेस (एम्स)मा विश्वका १२० देशमा नियमित आयोजना हुने दौडका ४६० भन्दा बढी सदस्य छन् । यसअर्थमा सायद यो विश्वव्यापी ठुलो संगठन पनि हो । नेपालबाट एम्सको पहिलो सदस्य नेपालगन्ज म्याराथन नै हो । संयोगले जापानको ओसाकामा २०२३मा २३औं वर्ल्ड कंग्रेस हुँदा नेपालगन्ज म्याराथनको प्रतिनिधि भएर मैले पहिलोपटक वर्ल्ड कंग्रेसमा सहभागिताको अवसर प्राप्त गरेको थिएँ । एम्सको चार दशकको इतिहासमा नेपालबाट पहिलोपटक प्रतिनिधित्व हुँदा आयोजक आफै दंग थिए । त्यसपछि २०२४मा भियतनामको हनोइमा २४औं वर्ल्ड कंग्रेस हुँदा नेपालगन्ज म्याराथनको तर्फदेखि मैले नै सहभागिता जनाएँ । यसपटक पोखरा म्याराथनका प्रतिनिधिका रूपमा हरि पराजुली दाइ पनि साथमा हुनुहुन्थ्यो । र, यसपटक नर्वेको टम्सोमा २५औं वर्ल्ड कंग्रेसमा मैले तेस्रोपटक सहभागिता जनाएको थिएँ । खेलकुदको भाषामा यसलाई ह्याट्रिक भन्छन् । नर्वे यात्रामा नेपालबाट एभरेस्ट म्याराथनका संस्थापक विक्रम पाण्डे पनि साथमै हुनुहुन्थ्यो ।

नर्वेको ट्रम्सोमा आयोजित त्यही एम्सको २५औं वर्ल्ड कंग्रेसमा विश्वका सयौं प्रतिष्ठित म्याराथन आयोजकको बीच नेपालगन्ज म्याराथनको नाम उच्चारण हुँदा मेरो मनमा एउटै कुरा आइरहेको थियो- यो पुरस्कार कुनै एक व्यक्तिको होइन । यो हजारौं स्वयंसेवक, धावक, स्थानीय समुदाय, सहयोगी संस्था, प्रायोजक र नेपालगन्जलाई माया गर्ने सबैको साझा सम्मान हो । त्यो क्षणमा मैले नेपालको नाम र आफ्नो सहरको नाम विश्व मञ्चमा गर्वका साथ देखें । एउटा सानो सहरबाट सुरु भएको सपना संसारले सुनेको अनुभूति आफैंमा अवर्णनीय थियो ।

तर, नर्वे यात्रा पुरस्कार ग्रहण गर्ने औपचारिक कार्यक्रममा मात्र सीमित रहेन । बाल्यकालमा भूगोलका किताबमा पढेको एउटा कुरा सधैं मनमा बसिरहेको थियो, पृथ्वीका केही ठाउँमा गर्मीयाममा सूर्य राति पनि अस्ताउँदैन ।

त्यो कुरा सुन्दा कुनै कथाजस्तै लाग्थ्यो । टम्सो पुगेपछि त्यो कल्पना यथार्थ बन्यो । घडीले रातको समय देखाइरहेको थियो, तर आकाश उज्यालै थियो । मध्यरात नजिकिँदै गर्दा पनि सूर्य क्षितिजमाथि सुनौलो मुस्कानसहित झलमल्ल गरिरहेको थियो । त्यो दृश्य हेर्दा समय नै रोकिएको जस्तो लाग्यो । हाम्रो जीवन घडीको सुइले चल्छ, तर प्रकृतिको आफ्नै समय रहेछ भन्ने अनुभूति भयो । संसार साँच्चै कति विशाल छ, र हामीले अझै कति कुरा देख्न, सिक्न र बुझ्न बाँकी छ भन्ने भावना मनभरि भरियो । त्यो रात क्यामेराले कैद गरेको दृश्यभन्दा धेरै सुन्दर सम्झनाले मेरो मनमा कैद गऱ्यो ।

तेस्रो अनुभव भने पूर्ण रूपमा व्यक्तिगत थियो । एघार वर्षदेखि म्याराथन आयोजना गरिरहेको भएर पनि मैले कहिल्यै आफूलाई धावकका रूपमा परीक्षण गरेको थिइनँ । हजारौं धावकलाई स्टार्ट लाइन र फिनिस लाइनमा स्वागत गर्ने अवसर धेरै पटक पाएँ, तर यसपटक मैले आफैं स्टार्ट लाइनमा उभिने निर्णय गरें । जीवनमा पहिलोपटक १० किलोमिटर दूरी दौडने निर्णय सामान्य लाग्न सक्छ, तर मेरा लागि त्यो आत्मविश्वासको परीक्षा थियो ।

दौड सुरु हुँदा उत्साह निकै थियो । केही किलोमिटर सहजै दौडें । तर, दूरी बढ्दै जाँदा शरीरले आफ्ना सीमा सम्झाउन थाल्यो । त्यसबेला मैले बर्सौंदेखि नेपालगन्ज म्याराथनमा सहभागी धावकहरूको अनुहार सम्झिएँ । उनीहरू पनि यस्तै थाकेका थिए होलान्, तर हार मानेनन् । मैले आफैंलाई भनें, ' तिमीले अरूलाई निरन्तर प्रेरित गरेका छौ, आज आफैंलाई पनि प्रेरित गर ।' अन्ततः फिनिस लाइन पार गर्दा घडीमा देखिएको समयभन्दा धेरै मूल्यवान् मेरो अनुहारको मुस्कान थियो । त्यो कुनै प्रतिस्पर्धामा जितेको विजय थिएन, त्यो आफ्नै डर, आफ्नै सीमा र आफ्नै शंकामाथिको विजय थियो । यो यात्राले मलाई एउटा सत्य सिकायो । पुरस्कारले प्रेरणा दिन्छ, प्रकृतिले विनम्र बनाउँछ, र दौडले आफ्नै क्षमता चिनाउँछ ।

नेपाल फर्कंदा मेरो झोलामा एउटा अन्तर्राष्ट्रिय पुरस्कार थियो । मोबाइलमा मध्यरातको सूर्यका तस्बिर थिए । घाँटीमा १० किलोमिटर दौडको पदक पनि थियो । तर, ती सबैभन्दा मूल्यवान् मेरो मनमा बोकेको नयाँ विश्वास थियो, यदि एउटा सानो सहरबाट सुरु भएको अभियानले ग्लोबल स्टेजमा उभिएर विश्व रनिङको एकमात्र प्रतिष्ठित अवार्ड जित्न सक्छ भने नेपालका असंख्य सपना पनि एक दिन विश्व मञ्चमा पुग्न सक्छन् ।

सायद यही कारणले म आज पनि भन्छु, नर्वे यात्रा मेरो लागि विदेश भ्रमण मात्र थिएन । त्यो मेरो जीवनका तीन सपनाहरू एउटै यात्रामा साकार भएको अविस्मरणीय अध्याय थियो । र, ती तीन सपनाले मलाई फेरि एउटा नयाँ सपना देख्न सिकाएका छन्, नेपाललाई विश्व रनिङ नक्सामा अझ उचाइमा पुऱ्याउने सपना ।

(ठकुरी एम्सका सद्भावना दूत र नेपालगन्ज म्याराथनका संस्थापक अध्यक्ष हुन् ।)

इतिहासको पाना

● रतन भण्डारी

मेजर जनरल विश्वबन्धु थापा

नारायणी अञ्चल पञ्चायत तथा वर्गीय संगठनहरूको संयुक्त अधिवेशनमा उपस्थित प्रतिनिधिहरूका बीच राष्ट्रिय पञ्चायतका अध्यक्ष मे. ज. विश्वबन्धु थापा प्रवचन दिँदै हुनुहुन्छ । सौजन्य प्र. प्र. वि.

पञ्चायती नेता विश्वबन्धु थापा नेपाली सेनाका मेजर जनरल पनि थिए भन्ने कुरा धेरैलाई थाहा नहुन सक्छ । २०२० पुस ४ को 'गोरखापत्र'मा प्रकाशित श्यामश्वेत तस्बिर (एआईबाट रंगिन)को क्याप्सनमा उनलाई मेजर जनरल उल्लेख गरिएको छ ।

भीमसेन थापाका खलक विश्वबन्धुका पिता सुब्बा पदमजंग चन्द्रशमशेरको पालामा भारत निर्वासनमा गएका थिए । सोही क्रममा १९८४ भदौ २४मा भारतको दीपनगर (बिहार)मा विश्वबन्धुको जन्म भयो । जुद्धशमशेरले माफी दिएपछि उनीहरू विराटनगर फर्के । थापाले विराटनगरबाट विद्यालय र बनारसबाट उच्च शिक्षा लिए ।

२००७को क्रान्तिमा उनी विराटनगर जनसरकारका गृहमन्त्री र केशवप्रसाद कोइराला गभर्नर थिए । २०१५को आमनिर्वाचनमा नेपाली कांग्रेसबाट चितवन-चिसापानी क्षेत्र जित्ने थापा २०१७ पछि पञ्चायत छिरे । २०२०मा राष्ट्रिय पञ्चायतका अध्यक्ष र अर्को वर्ष मन्त्रिपरिषद् उपाध्यक्ष बनेका थापालाई राजा महेन्द्रले सेनाको 'मानार्थ मेजर जनरल' उपाधि दिएका थिए । उनले कहिल्यै नामअघि 'मेजर जनरल' लेखेनन्, यद्यपि पत्रपत्रिकाले भने लेखिरहे । थापाअघि मातृकाप्रसाद कोइरालाले पनि यो उपाधि पाएका थिए । २००७को क्रान्तिमा कांग्रेसका सुप्रिम कमान्डर रहेका मातृका मोहनशमशेरको सरकार ढलेपछि प्रधानमन्त्री बने । सोही समय राजा त्रिभुवनले उनलाई 'मानार्थ ब्रिगेडियर जनरल' बनाए ।

उपाधि पाएपछि मातृका सैन्य पोसाकमै टुँडिखेलको एउटा कार्यक्रममा पुगे । तर, आफू प्रधानमन्त्री भएको विर्सेर सेनापतिभन्दा तल्लो दर्जाको पोसाकमा पुगेकाले प्रधानसेनापति किरणशमशेर उनलाई स्वागत गर्न आएनन् । यो कुरा राजा त्रिभुवनसम्म पुग्दा किरणशमशेरले स्पष्ट पारे- 'आफूभन्दा तल्लो दर्जा (ब्रिगेडियर जनरल)को पोसाकमा आएका व्यक्तिलाई सेनापतिले स्वागत गर्ने कुरा भएन । दर्जाअनुसार उहाँले मलाई सलामी दिनुपर्थ्यो । प्रधानमन्त्रीको हैसियतमा (सिभिल पोसाकमा) आएको भए म स्वागत गर्थें ।' यो घटनापछि मातृकाले सैन्य पोसाकको मोह छाडे । त्यही घटनाबारे जानकार भएकाले नै विश्वबन्धु थापाले आफूलाई 'मेजर जनरल'का रूपमा नचिनाएका हुन सक्छन् ।

पत्रपत्रिका वर्गीकरणमा वास्तविक प्रकाशन यकिन गर्न सञ्चारमन्त्रीको निर्देशन

काठमाडौं/मस– सूचना तथा सञ्चार मन्त्री डा. विक्रम तिमिल्सिनाले पत्रपत्रिकाको वर्गीकरण र लोककल्याणकारी विज्ञापन वितरणलाई तथ्यमा आधारित, पारदर्शी र व्यवस्थित बनाउन विद्यमान प्रणाली पुनरावलोकन गर्न निर्देशन दिएका छन् ।

सूचना तथा सञ्चार मन्त्रालयमा बिहीबार सूचना तथा प्रसारण विभाग र प्रेस काउन्सिल नेपालका अधिकारीसँग भएको छलफलमा मन्त्री तिमिल्सिनाले पत्रपत्रिकाको वास्तविक प्रकाशन तथा वितरण संख्या यकिन गर्ने भरपर्दो प्रणाली विकास गर्नुपर्ने बताएका हुन् ।

छलफलमा एउटै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेका धेरै पत्रपत्रिकाले सरकारी लोककल्याणकारी विज्ञापन प्राप्त गर्ने, वास्तविकभन्दा बढी प्रकाशन संख्या देखाउने तथा काउन्सिलमा बुझाइने विवरण र बजारमा उपलब्ध वास्तविक प्रतिको संख्याबीच अन्तर देखिनेजस्ता विषय उठेका थिए ।

विभाग तथा काउन्सिलका अधिकारीहरूले नमुना छनोट गरी गरिएको स्थलगत निरीक्षणका क्रममा समेत कतिपय प्रकाशनले पेस गरेको विवरण र वास्तविक अवस्थाबीच फरक भेटिने गरेको जानकारी गराएका थिए । हाल वर्गीकरणका क्रममा सम्बन्धित सञ्चार संस्थाको स्वघोषणा तथा लेखापरीक्षणबाट प्राप्त विवरणलाई आधार बनाउने गरिएको पनि उनीहरूले बताएका थिए ।

मन्त्री तिमिल्सिनाले पत्रपत्रिका वर्गीकरणका आधार स्पष्ट पार्दै वास्तविक वितरण अवस्था प्रमाणित गर्ने प्रभावकारी संयन्त्र विकास गर्न निर्देशन दिएका छन् । सरकारी विज्ञापन वितरणमा देखिन सक्ने दोहोरोपन हटाएर सीमित सार्वजनिक स्रोतको अधिकतम उपयोग गर्नुपर्नेमा पनि उनले जोड दिएका छन् ।

पत्रपत्रिकाको वितरण परीक्षण तथा वर्गीकरणका विषयमा विद्यमान कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन भए/नभएको अध्ययन गर्नसमेत मन्त्रीले सम्बन्धित निकायलाई निर्देशन दिएका छन् । प्रेस काउन्सिल ऐन, कार्यव्यवस्था नियमावली तथा पत्रपत्रिका वितरण सम्परीक्षणसम्बन्धी मापदण्डमा प्रकाशन र वितरण अवस्थाको परीक्षण तथा अभिलेख व्यवस्थापनका प्रावधान छन् ।

यसैगरी, सञ्चार क्षेत्र डिजिटल माध्यमतर्फ विस्तार भइरहेकाले सरकारी विज्ञापन प्रणालीलाई पनि समय अनुकूल बनाउने विषयमा मन्त्रालयले अध्ययन अघि बढाउने भएको छ । छापा माध्यममा केन्द्रित वर्गीकरण प्रणालीको विकल्पमा अनलाइन, डिजिटल तथा अन्य सञ्चार माध्यमलाई समेट्ने एकीकृत प्रणालीको सम्भावनाबारे अध्ययन गरिने भएको हो ।

लोककल्याणकारी विज्ञापनको उद्देश्य, वितरण प्रक्रिया र सार्वजनिक सूचना प्रवाहमा त्यसको प्रभावसमेत समीक्षा गर्ने तयारी मन्त्रालयले गरेको छ ।

छलफलका क्रममा मन्त्री तिमिल्सिनाले प्रेस काउन्सिलका आर्थिक तथा प्रशासनिक गतिविधिलाई थप पारदर्शी र व्यवस्थित बनाउन तथा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा औँल्याइएका बेरुजु समयमै फर्स्योट गर्न पनि सम्बन्धित पदाधिकारीलाई निर्देशन दिएका छन् ।

नन्दप्रसाद–जानुका फाउन्डेसनको तेस्रो पुस्तक 'दोलखाका लोकनायकहरू' सार्वजनिक

काठमाडौं/मस– नन्दप्रसाद-जानुका फाउन्डेसनले आफ्नो तेस्रो ऐतिहासिक पुस्तक 'दोलखाका लोकनायकहरू' सार्वजनिक गरेको छ। बिहीबार राजधानीमा आयोजित कार्यक्रममा नेपाली कांग्रेसका सभापति गगनकुमार थापाको प्रमुख आतिथ्यमा पुस्तक लोकार्पण गरिएको हो । शिक्षासेवी तथा राणाशासनविरुद्ध संघर्ष गरेका योद्धा नन्दप्रसाद शिवाकोटीको ११२औं जन्मजयन्तीका अवसरमा फाउन्डेसनले पुस्तक प्रकाशन गरेको हो । पुस्तकमा दोलखाको भूमिमा जन्मिएर निरंकुशताविरुद्ध संघर्ष गर्दै देशमा प्रजातन्त्र, बहुदलीय व्यवस्था तथा गणतन्त्र स्थापनाका लागि योगदान गरेका २३ जना व्यक्तित्वलाई समेटिएको छ ।

फाउन्डेसनका अध्यक्ष अजयबाबु शिवाकोटीका अनुसार दोलखाको समग्र विकास तथा लोकतन्त्रप्राप्तिका लागि योगदान गरेका व्यक्तित्वहरूको संक्षिप्त जीवनी र योगदानमा आधारित भएर पुस्तक तयार पारिएको हो ।

फाउन्डेसनले हरेक वर्ष एउटा पुस्तक प्रकाशन गर्दै आएको जानकारी दिँदै शिवाकोटीले भावी पुस्ताले पुर्खाहरूको त्याग र बलिदानलाई नबिर्सिऊन् तथा उनीहरूको जीवनबाट प्रेरणा लिन सकून् भन्ने उद्देश्यले 'दोलखाका लोकनायकहरू' प्रकाशन गरिएको बताए । कार्यक्रमका प्रमुख अतिथि गगनकुमार थापाले फाउन्डेसन स्थापना भएदेखि नै प्रकाशन, सम्मान तथा अनुसन्धानका क्षेत्रमा निरन्तर क्रियाशील रहेको भन्दै प्रशंसा गरे । नन्दप्रसाद र जानुकाको योगदानलाई सार्वजनिक गर्ने प्रयासले समाज निर्माणमा योगदान गरेका अन्य व्यक्तित्वको वास्तविकता पनि उजागर गर्न प्रेरणा मिल्ने उनले बताए ।

थापाले समाजका अग्रजहरूले खोलेको शैक्षिक तथा सामाजिक बाटोकै कारण आजको पुस्ताले लोकतन्त्रको अनुभव गर्न पाएको उल्लेख गरे । सो अवसरमा फाउन्डेसनले नन्दप्रसाद-जानुका स्मृति सम्मानबाट दोलखाका पहिलो जलविद्युत् इन्जिनियर, शिक्षाविद् तथा समाजसेवी ८८ वर्षीय आत्माकृष्ण श्रेष्ठलाई सम्मान गरिएको थियो ।

इस्मामा शिक्षक दरबन्दी मिलान
विद्यार्थी संख्या र नतिजालाई बनाइयो मुख्य आधार

सुमन महतरा/मध्यान्ह
गुल्मी, ४ भदौ

इस्मा गाउँपालिकाले गाउँपालिकाभित्रको शैक्षिक गुणस्तर सुधार, विद्यालयको आवश्यकता र विद्यार्थीको सिकाइ उपलब्धिलाई केन्द्रमा राखेर शिक्षक दरबन्दी मिलान तथा अन्तरविद्यालय सरुवा गरेको जनाएको छ ।

गाउँपालिकाले विद्यार्थी संख्या, विद्यालयको आवश्यकता र विगतको शैक्षिक नतिजालाई मुख्य आधार बनाएर दरबन्दी व्यवस्थापन गरिएको स्पष्ट पारेको हो ।

गाउँपालिका अध्यक्ष भगतसिंह खड्काले दरबन्दी मिलानलाई विद्यालयको वास्तविक आवश्यकता र विद्यार्थीको हितसँग जोडेर अघि बढाइएको बताएका छन् । विद्यार्थी कम भएका विद्यालयमा आवश्यकताभन्दा बढी शिक्षक रहने र शिक्षक अभाव भएका विद्यालयमा पठनपाठन प्रभावित हुने अवस्था अन्त्य गर्न दरबन्दीको पुनःव्यवस्थापन आवश्यक रहेको उनको भनाइ छ ।

गाउँपालिकाका अनुसार नयाँ शैक्षिक सत्रको भर्ना अभियानपछि गाउँपालिकाभित्रका विद्यालयको प्रत्यक्ष अनुगमन गरिएको थियो । अनुगमनका क्रममा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेको विद्यार्थी संख्यालगायतका तथ्यांकलाई आधार बनाइएको थियो ।

दरबन्दी मिलानको प्रक्रिया पछिल्लो निर्णयबाट मात्र सुरु नभएको गाउँपालिकाले जनाएको छ । २०८२ माघ १२ गते सम्पूर्ण विद्यालयका प्रधानाध्यापकसँग बैठक गरी मौजुदा दरबन्दी, विद्यार्थी संख्या तथा विद्यालयगत आवश्यकताबारे छलफल गरिएको थियो । छलफलपछि विद्यालयगत तथा तहगत न्यूनतम शिक्षक तथा कर्मचारीको आवश्यकता निर्धारण गरी दरबन्दी मिलानको प्रक्रिया अघि बढाइएको गाउँपालिकाले जनाएको छ ।

त्यसपछि २०८२ चैत २७ गते र २०८३ साउन २२ गते बसेको शिक्षा समितिको बैठकमा दरबन्दी व्यवस्थापनका विषयमा थप छलफल गरिएको थियो । शिक्षा समितिको छलफल तथा सिफारिसका आधारमा २०८३ साउन २९ गते बसेको गाउँ कार्यपालिकाको बैठकले दरबन्दी मिलान गर्ने निर्णय गरेको गाउँपालिकाले जनाएको छ ।

निर्णयअनुसार विद्यार्थी संख्या न्यून रहेका र दरबन्दी बढी भएका विद्यालयबाट शिक्षक कटौती गरी दरबन्दी अपुग भएका विद्यालयमा व्यवस्थापन गरिएको छ । यस क्रममा प्राथमिक तहका सात शिक्षक दरबन्दी, दुई जना बालविकास सहयोगी कार्यकर्ता र दुईजना कार्यालय सहयोगीलाई आवश्यकताअनुसार समायोजन गरिएको गाउँपालिकाले जनाएको छ । गाउँपालिकाले शिक्षक तथा कर्मचारीलाई सकेसम्म घरपायक र अनुकूल हुने गरी सरुवा तथा खटाउने व्यवस्था मिलाइएको जनाएको छ । धेरै टाढा खटाउँदा पठनपाठन तथा सेवा प्रवाहमा असर पर्न सक्ने भएकाले उक्त पक्षलाई समेत निर्णयका क्रममा ध्यान दिइएको प्रवक्ता पार्वती कुँवरले बताएकी छन् ।

यसैगरी, गाउँपालिकाले विगत तीन वर्षको कक्षा १० को एसईई नतिजा तथा गाउँपालिकाले सञ्चालन गर्ने कक्षा ८ को परीक्षाको विद्यालयगत नतिजाको समीक्षा गरेको जनाएको छ । विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकबाट प्राप्त गुनासो र विद्यालयको समग्र कार्यसम्पादनको समेत विश्लेषण गरिएको गाउँपालिकाको भनाइ छ ।

समीक्षाका क्रममा केही शिक्षकको कार्यसम्पादन तथा प्रशासनिक सहयोग सन्तोषजनक नरहेको पाइएको र केही शिक्षकको अतिरिक्त क्षमता, योग्यता तथा अनुभवलाई अन्य विद्यालयको आवश्यकताअनुसार उपयोग गर्न सकिने देखिएपछि समेत हेरफेर गरिएको गाउँपालिकाले जनाएको छ । दरबन्दी मिलानमा राजनीतिक प्रभाव वा पहुँचलाई आधार बनाइएको भन्ने विषयमा गाउँपालिकाले भने कुनै राजनीतिक दल वा नेताको निकटताका आधारमा निर्णय नगरिएको स्पष्ट पारेको छ। शिक्षाजस्तो संवेदनशील क्षेत्रमा दलीय राजनीतिभन्दा माथि उठेर शिक्षकले आफ्नो जिम्मेवारी पूरा गर्नुपर्ने गाउँपालिकाको धारणा छ ।

गाउँपालिकाका अनुसार दरबन्दी मिलानका विषयमा विभिन्न राजनीतिक दल तथा सरोकारवालाबाट समय-समयमा गाउँपालिकामा डेलिगेसन आएको थियो । सार्वजनिक सुनुवाइमार्फत समेत विद्यालयको आवश्यकताअनुसार शिक्षक व्यवस्थापन गर्नुपर्ने माग उठेको गाउँपालिकाले जनाएको छ ।

अधिकतम खुद्रा बिक्री मूल्य सूचना

यस कम्पनीले चीनबाट आयात गरिएको इलेक्ट्रिक यात्री बाहक कार अधिकतम खुद्रा बिक्री मुल्य (MRP) सम्बन्धि विवरण सार्वजनिक जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

अधिकतम खुद्रा बिक्री मुल्य (MRP) विवरण

सि.नं.	सामानको विवरण	ब्राण्ड	मोडेल	इलेक्ट्रीक मोटर/ब्याट्री	सीट क्षमता	वर्ष	प्रति इकाई	अधिकतम खुद्रा मूल्य (MRP)
1.	300 KM Luxury Electric Car	HONRI	BOMA-300RHD	Peak Motor Power: 35KW Rated Motor Power: 15KW 29.9 KWH	4 seats	2025	1	26,00,000.00

स्थायी लेखा नम्बर: 610384305 | Exim Code: 6103843050162NP
बिक्रेता कम्पनीको नाम: ई.भी. राईड प्रा.लि.
ठेगाना: वालुवाटार, काठमाडौं, फोन: +977-9818108560

रसुवा हाइड्रोपावर लिमिटेड
रजिष्टर कार्यालय, बालाजु-१६, काठमाडौं
सम्पर्क नं. ९७६८५९३४०६

विशेष साधारण सभा सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०५/०५

यस रसुवा हाइड्रोपावर लिमिटेड कम्पनीको मिति २०८३/०५/०४ गते बसेको संचालक समितिको बैठकबाट कम्पनीको विशेष साधारण सभामा निम्न लिखित मिति, समय र स्थानमा बसी तपसिल बमोजिमका विषय प्रस्तावहरु उपर छलफल गर्ने भएको हुँदा सम्पूर्ण शेयरधनी सदस्य महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति, समय र स्थान :
मिति : २०८३/०५/२० गते
समय : बिहान ११:०० बजे
स्थान : सामाखुशी-२६, काठमाडौं, कम्पनीको कार्यालय
छलफल तथा निर्णयका लागि निर्धारित विषयसुची तथा प्रस्तावहरू :
क) विशेष प्रस्तावहरुः
१) कम्पनिको अधिकृत पुँजी र जारी पुँजी बृद्धि गर्न प्रबन्धपत्रमा संसोधन गर्ने सम्बन्धमा ।
२) आयोजनामा थप लगानी गर्ने सम्बन्धमा ।
३) कम्पनीमा रहेको जगेडा शेयर बिक्री र शेयर लागत प्रमाणीकरण सम्बन्धमा ।
४) आयोजनालाई कर्जा प्रदान गर्ने बैंक **NIC ASIA** को **SLA** अनुसारको कर्जा सुबिधा लिने सम्बन्धमा ।
५) **Corporate Guarantee** सम्बन्धमा ।
६) आयोजनाको कार्य सम्पादन र निर्माण सम्बन्धमा ।
ख) विविध

संचालक समितिको आज्ञाले
कम्पनी सचिव
रिबिका घिमिरे

अन्य जानकारी:
अन्य जानकारीको लागी कम्पनीको सम्पर्क नं ९७६८५९३४०६ मा सम्पर्क गर्नु हुनपनि अनुरोध गरिन्छ ।

युएईमा रोजगार
कम्पनी : MIDDLE EAST MANPOWER SERVICES | शहर : UAE
पूर्व स्वीकृत मिति: २०८३/०४/०६ | चलानी नं.: ६०२५८५५२ | LT. No.:345236 | पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	SCAFFOLDER	5	0	स. काममा दक्ष	1500	६२४६०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता राम जानकी ट्रेनिङ सेन्टर जनकपुरमा २०८३ भदौ १० गते (26 August 2026) मा हुनेछ ।
अन्तर्वार्ता सुनसरी मल्टिपल सेन्टर इटहरीमा २०८३ भदौ ११ गते (27 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले ब्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कसले ब्यहोर्ने	स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कसले ब्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने	कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कसले ब्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कसले ब्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कसले ब्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २९५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

VARSHA MANPOWER PVT. LTD.
Lic No.: 954/067/068
Basundhara, Kathmandu, Nepal, Tel : 01-5906944, 5908044, 9803903060 (Rabin Megale Magar)
Email: info@varshanepal.com, Website: www.varshanepal.com

कतारमा रोजगार
कम्पनी : AL RAIS MAINTENANCE | शहर: QATAR
पूर्व स्वीकृत मिति: २०८२/०९/१३ | चलानी नं.: ६०२४९७१२ | LT. No.:336101 | पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब QR	मासिक तलब ने. रु.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Labour	6	0	स. काममा दक्ष	1000	४१९५०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १२ गते (28 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले ब्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कसले ब्यहोर्ने	स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कसले ब्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने	कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कसले ब्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कसले ब्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कसले ब्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २९५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

S.N.K. Facilities Management Pvt. Ltd. Gov. Lic No. 1726/081/082
Bafal-13, Kalanki, Kathmandu, Nepal, Tel. 01-5922923
Contact No : 9806165278 (Nabeena Kuwar). website: www.snkmanpower.com

कुवेतमा रोजगार
कम्पनी: november ladies beauty salon company | शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८३/०५/०४ | चलानी नं.: ६०२६००१७ | LT. No.: 346797

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रु.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaners Female	0	2	सम्बन्धित काममा दक्ष	100	४९७८३	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Beautician/Hairdresser	0	3		150	७४६७४							
3.	Beautician/ Nail Technician	0	3		150	७४६७४							
4.	Female Receptionist	0	2		150	७४६७४							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १२ गते (28 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले ब्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कसले ब्यहोर्ने	स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कसले ब्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने	कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कसले ब्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कसले ब्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कसले ब्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २९५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SUPREME OVERSEAS PVT. LTD. Govt. Lic. No. 301/059/60
Koteshwor-32, Kathmandu, Nepal, Phone: +977-1-4610716, +977 971-6824754
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com, Web: www.supremeoverseas.com.np

मलेसियामा रोजगार
कम्पनी: PERTIWI RECYCLE TRADING | शहर:MALAYSIA
पूर्व स्वीकृत मिति: २०८३/०५/०१ | चलानी नं.: ६०२५९९०२ | LT. No.:346669

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब RM	मासिक तलब ने. रु.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	General Worker (Cleaning & General	7	0	स. काममा दक्ष	1700	६४०७३	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८३ भदौ १२ गते (28 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले ब्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कसले ब्यहोर्ने	स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कसले ब्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने	कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कसले ब्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कसले ब्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कसले ब्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २९५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Paramount Employment Consultant Pvt. Ltd.
P.O.Box: 24009, Balkumari, Lalitpur, Tel.: 01-5186269, 5186052, 980-8306843
Email: admin@paramount-consultant.com., Web: www.paramountconsultant.com
Govt. Lic No.:417/060/061

युएईमा रोजगार
कम्पनी: LOYAL ELECTRICAL CONTRACTING LLC | शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८३/०४/१३ | चलानी नं.: ६०२५६३५१ | LT. No.: 345075

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Carpenter	5	0	सम्बन्धित काममा दक्ष	1500	६२४६०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Helper	5	0		1200	४९९६८							
3.	Mason.	5	0		1500	६२४६०							
4.	Operators	3	0		2000	८३२८०							
5.	Scaffolder	5	0		1500	६२४६०							
6.	Security Guards	2	0		1800	७४९५२							
7.	Steal Fixer	5	0		1500	६२४६०							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २२ गते (7 September 2026) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर शाखा कार्यालय रुपन्देही बुटवलमा २०८३ भदौ २३ गते (8 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले ब्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कसले ब्यहोर्ने	स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कसले ब्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने	कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कसले ब्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कसले ब्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कसले ब्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २९५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SHRC Support Human Resources Pvt. Ltd. श्रम इजाजत पत्र नं.: ६६१/०६३/०६४
Support Human Resources Pvt. Ltd. (Foreign Employment Services, Nepal)
Mid Baneshwor-31, Kathmandu, Nepal, Contact No: 01-4111126, 9802050422

कुवेतमा रोजगार
कम्पनी: AL RAWAN CLEAN COMPANY FOR GENERAL CLEANING CONTRACTING FOR BUILDINGS, CITIES AND ROADS
पूर्व स्वीकृत मिति: २०८२/१०/१३ | चलानी नं.: ६०२५१३०८ | LT.No.:337826 | पुन विज्ञापन | शहर: KUWAIT

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रु.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	INDOOR CLEANER	50	42	स. काममा दक्ष	120	५९,७३९	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १२ गते (28 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले ब्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कसले ब्यहोर्ने	स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कसले ब्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने	कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कसले ब्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कसले ब्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कसले ब्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २९५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

PRO JOB SOLUTION PVT. LTD. श्रम इजाजत नं. १७९१/०८२/८३
Kathmandu Metropolitan City - 9, Gaushala Contact No: 9709419270 (Hum Kant Parajuli)
E-mail: projobsolutionpvtltd61@gmail.com

Saudi मा रोजगार
Najd Business Company Limited
पूर्व स्वीकृति मिति: २०८३/५/४ | चलानी नं.: ६०२५९९८० | LT No. 346791

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब ने. रु.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
१	Loading And Unloading Worker/ Helper	16	काममा दक्ष	1000	80,700/-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता २०८३ भाद्र १२ गते (28 Aug., 2026) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ ।

CHERISH OVERSEASE PVT. LTD. Gov. Lic No. 1304/074/075
Samakhusi Town Planning, Kathmandu,Tel: 01-4980414, 4963776
Email : info@cherishovs.com, Website : www.cherishovs.com
Contact Person : 9761729085 (Sweta Thapa)

साउदीमा रोजगार
कम्पनी : saad bin ahmed bin hussein al mutlaq foundation | शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०८३/०५/०४ | चलानी नं.: ६०२५९९८६ | LT. No.: 346453

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब ने. रु.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	FOOD & BEVERAGE	3	0	स. काममा दक्ष	1300	५२९४९	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १२ गते (28 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले ब्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कसले ब्यहोर्ने	स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कसले ब्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने	कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कसले ब्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कसले ब्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कसले ब्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २९५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Pritam Employment Pvt.Ltd. Govt. Lic. No.: 1468/074/75
Sinamangal-9, Kathmandu (In Front of Airport Gate) Sita Magar: 9851011031
Tel No: + 9771-4112782 | Email: pritamemployment2018@gmail.com

साउदीमा रोजगार
कम्पनी: Madar international transport establishment | शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०८३/०५/०३ | चलानी नं.: ६०२५९९७७ | LT. No.: 346464

